म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक २९५ बिहीबार २५ जेठ २०८० ने. सं. ११४३ तछलागा 8 June 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

गणतन्त्रका उपलव्धीहरू

- संघीयताको अभ्यासमार्फत संघ, प्रदेश र स्थानीय तहमा शक्ति बाँडफाँड,
- विधिको शासनको व्यवस्था,
- अधिकार सम्पन्न स्थानीय तह,
- जनअनुमोदित प्रतिनिधिबाट शासन सञ्चालन,
- अभिव्यक्ति स्वतन्त्रताको रक्षा,

यी उपलव्धीहरुको रक्षा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

### हेटौंडाको मुख्य सडक विस्तार

## १६ मिटर मात्रै भत्काउन मन्त्रालयमा डेलिगेशन, बाइपासलाई बजेट माग

साझाकुरा संवाददाता

हेटौंडा, २४ जेठ/ हेटौंडाको मुख्य सडक ३२ मिटर मात्रै विस्तार गर्न संघीय सरकारको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा मकवानपुरको टोली डेलिगेशन गएको छ ।

मन्त्री प्रकाश ज्वालालाई बुधवार मन्त्रालयमै भेटेर मकवानपुरका प्रतिनिधिसभा सांसद, प्रदेशसभा सदस्यदेखि हेटौंडा बसोबास संरक्षण समितिका पदाधिकारीले सडक दायाँबायाँ १६-१६ मिटर मात्रै विस्तार गर्न अनुरोध गरेका छन् । हेटौंडाको मुख्य सडक दायाँबायाँ २५-२५ मिटर फराकिलो बनाउन हेटौंडा उपमहानगर अघि सरेपछि पुनः ३२ मिटरको माग संघीय सरकारलाई राखिएको हो । यसअघि उपमहानगर पालिकाले सडक ५० मिटर विस्तार गर्ने भन्दै जिल्ला प्रशासन कार्यालयमा सर्वपक्षीय बैठक बसेको थियो । बैठकले कुनै निर्णय नदिए पनि चाँडो निष्कर्श निकालेर सडक विस्तारलाई सहज बनाउने बताइएको थियो ।



तर, बुधवार सिंहदरबार स्थित भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा जिल्लाका प्रतिनिधिसभा सदस्य महेशकुमार बर्तौला, दीपकबहादुर सिंह, राष्ट्रियसभा सदस्य रामचन्द्र राई, बागमती प्रदेशसभा सदस्य तथा पूर्वमन्त्री एकालाल श्रेष्ठ, पूर्वसांसद कृष्णप्रसाद दाहालसहित मकवानपुर उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष तथा हेटौंडा बस्ती संरक्षण समितिका सहसंयोजक उत्तम शर्मा ढकाल, मउवा संघका पूर्वअध्यक्ष राजकुमार न्यौपानेलगायतले सडक विस्तार र बाइपास सडक निर्माणका सम्बन्धमा छलफल गरेका हुन् । मन्त्री प्रकाश ज्वाला, मन्त्रालयका सचिव केशवकुमार शर्मासँग सडक विस्तारबारे छलफल भएको हो ।

प्रदेश सांसद तथा पूर्वमन्त्री श्रेष्ठले मन्त्रालयमा छलफल भएको र राप्ति खोलाको किनारमा निर्माणाधीन बाइपासका लागि थप बजेट माग गरिएको बताए । छलफलमा बस्ती संरक्षण समितिका सहसंयोजक उत्तम शर्मा ढकालले सडकको दायाँबायाँ १६-१६ मिटर मात्रै विस्तार गर्न अनुरोध गरिएको बताए । उनकाअनुसार मन्त्रालयलाई हेटौंडाको राप्तिखोला तिरैतिर निर्माणाधीन बाइपास सडक सञ्चालनका लागि थप बजेट व्यवस्था गर्न माग गरिएको छ । 'मन्त्रालयसँग सडकको दयाँबायाँ १६-१६ मिटर सडक विस्तार गर्न पहल गरेका छौं । ३२ मिटर मात्रै भत्काउँदा प्रभावितहरुलाई क्षतिपूर्ति र मुआब्जा समेत दिन नपर्ने कुरा सुझाव दिएका छौं,' ढकालले भने ।

उनले ३२ मिटर सडक विस्तार गर्नुपर्ने भन्दै सरकारलाई क्षतिपूर्ति र मुआब्जाको समस्या नहुने दाबी गरे । ढकालका अनुसार मन्त्रालयमा सडक विस्तारमा कुनै निर्णय भने भएको छैन । मन्त्री ज्वालाले सडक विस्तारसम्बन्धी निर्णय क्याबिनेटबाट नै हुने भएकाले आफूले क्याबिनेटमा विषय लैजाने बताएको ढकालले जानकारी दिए । 'हामीबीच छलफल मात्रै भएको हो । कुनै निर्णय भएको छैन । मन्त्रीज्युले हाम्रो अनुरोधको विषय क्याबिनेटमा लैजाने बताउनु भएको छ,' ढकाल भन्छन् ।

हेटौंडाको सडक विस्तार चर्चा विगत २ दशकदेखि छ । तर, हालसम्म सडक विस्तार हुन सकेको छैन । यसअघि सडक भत्काउने भन्दै डोजर चलाउन खोजिए पनि स्थानीयको आन्दोलनपछि सडक डिभिजन कार्यालय पछाडि हटेको थियो । उपमहानगरले हाल नगरक्षेत्रका अतिक्रमित संरचना हटाउँदै यसलाई २५-२५ मिटर सडक विस्तारका रुपमा बुझ्न मेयर मीनाकुमारी लामाले बोलेकी छन् । तर, २५-२५ मिटर सडक भत्काएको अवस्थामा उचित मुआब्जा दिनुपर्ने माग प्रभावित क्षेत्रका बासिन्दा आवद्ध बसोबास संरक्षण समितिले राख्दै आएको छ । लामो समयदेखि चर्चामा रहँदै सेलाउँदै गरेको पूर्वपश्चिम राजमार्ग बिस्तारका लागि पहिलो चरणको लगत संकलनमा आएका तथ्याङक संकलकको टोलीलाई काम गर्न नदिएर फर्काइएको उपमहानगरको भनाई छ ।

गत पुसमा सर्वोच्च अदालतले राजमार्ग बिस्तारको बारेमा २५ गजसम्म गर्नु भन्ने आदेशपछि स्थानीय पालिका र सम्बन्धित निकायसँग समन्वय गरी लगत संकलनमा आएको टोलीलाई काम गर्न नदिएको भन्दै उपमहानगरले यसअघि जिल्ला प्रशासनमा सर्वपक्षीय छलफल राखेको थियो । राजमार्ग बिस्तारको क्रममा हुने समस्याको बारेमा बुझ्नका लागि आएको एसियाली विकास बैंकको टोलीलाई लगत संकलन गर्न रोकेपछि हेटौंडा बजार क्षेत्रको ठेक्का नखोल्ने चेतावनी आएसँगै करिब महिना दिन अघि बसेको सर्वपक्षीय बैठकमा पीडितले मुआब्जा र १६ मिटर मात्रै भत्काउन आग्रह गरेका थिए ।

उपमहानगरका प्रवक्ता तथा १ नम्बर वडाध्यक्ष न्यौपानेले सडक विस्तार नगरकै भविष्यसँग जोडिएकोले सबैको सहमतिमा सडक विस्तार गर्नुको विकल्प नभएको बताए । पीडित पक्ष, राजनीतिक दल र सरकार पक्ष मिलेर निष्कर्ष निकाल्नु पर्ने धारणा उनको छ । निष्कर्ष नहुञ्जेल निरन्तर छलफलमा जुट्नुपर्ने न्यौपानेले बताए । राजमार्ग प्रभावितहरुले जनाएअनुसार सडक विस्तारको क्रममा १ हजार ७ सय ६१ घरधुरी प्रभाबित हुनेछन् ।

## मकवानपुरमा टिपर आतङ्क रोक्न डिआइजीको ठाडो निर्देशन

साझाकुरा संवाददाता





हेटौंडा, २४ जेठ/ मकवानपुरमा टिपर आतंक रोक्न बागमती प्रदेश प्रहरी कार्यालय प्रमुख प्रहरीनायव महानिरीक्षक (डिआइजी) किरण राणाले ठाडो आदेश दिएकी छन् ।

प्रदेश प्रहरी कार्यालय हेटौंडामा बुधवार जिल्लाका प्रहरी प्रमुख प्रहरीउपरीक्षक (एसपी) बामदेव गौतम र जिल्ला ट्राफिक प्रमुख प्रहरी निरीक्षक बसन्त आचार्यलाई टिपर आतंक रोक्न ठाडो निर्देशन दिएकी हुन् । बुधवार जिल्लाका पत्रकार हरुसँग अन्तक्रिया कार्यक्रममा सहभागी भएका एपसी गौतम र इन्स्पेक्टर आचार्यलाई टिपरको आतंकको गुनासो धेरै आएको भन्दै तत्काल नियन्त्रण गर्न निर्देशन दिएकी हुन् । पत्रकारहरुले हेटौंडाको बजार क्षेत्रको असुरक्षासँगै कानुनको ठाडो उल्घंन भइरहँदा पनि प्रहरी मुकदर्शक बनेको भन्दै प्रश्न उठाएका थिए ।

पत्रकारहरुले प्रश्न उठाए पछि डिआइजी राणाले कार्यक्रम स्थलमै रहेका एसपी गौतम र इन्स्पेक्टर आचार्यको ध्यानाकर्षण गराएकी थिइन् । डिआइजी राणा प्रदेश प्रहरी प्रमुख भएर हेटौंडाको आएको दुई महिना हुँदैछ । उनले समाजमा शान्ति सुरक्षा स्थापना र कानुन उल्घंन गर्नेलाई कडा कारबाहीको दण्ड चलाउने विश्वास दिलाएकी छन् । मकवानपुरमा सिमेन्ट उद्योगका चुनढुंगा खानी क्षेत्रमा सञ्चालन हुने टिपरको तीव्रगति र ओभरलोडले आमजनतामा आतङ्क नै फैलिएको भन्दै राजनीतिक दलका भातृ संगठनदेखि नागरिक समाजले आवाज उठाउँदै आएका छन् । तर, नियमनकारी निकाय मुकदर्शन हुँदा टिपर आतंक रोकिन सकेको छैन ।

जिल्लास्थित सिमेन्ट उद्योगमा चुनढुंगा उत्खनन् क्षेत्र (खानी) बाट आवतजावत गर्ने टिपरले गाउँदेखि नगर क्षेत्र नै आतङ्कित बनाएको हो । तर, 'हात्तीका अगाडि भुसुना' भन्ने नेपाली उखान झैं शक्तिको आडमा व्यवसायीले ट्राफिक नियम उल्लंघन गरिरहँदा आतङ्क हट्नुको साटो झन् बढेको छ । टिपरले ढालाभन्दा एक हातमाथि ढुंगा बोकेर तीव्रगतिमा कुदिरहेका छन् । जसको कारण ढुंगा खसेर लाग्ने डरले विशेष गरी हेटौंडा बजारको मुख्य सडक क्षेत्र नै आतङ्कित बनेको हो । तर, ओभरलोड बोकेर सडकभरि खानीजन्य ढुंगा, गिट्टी र बालुवा छरेर टिपर कुदिरहँदा पनि ट्राफिक प्रहरी रमिते बनिरहेका छन् ।

जल्लाको शान्ति सुरक्षाको जिम्मा लिएका प्रमुख जिल्ला अधिकारीको आदेशसमेत प्रहरीले कार्यान्वयन नगरेको गुनासो सरकारी अधिकारी नै गरिरहेका छन् । टिपरले ओभरलोड चुनढुंगा बोकेर हिँडेको गुनासो धेरै आएपछि केही महिना अघि जिल्ला प्रशासन कार्यालय मकवानपुरले जिल्ला प्रहरी कार्यालयलाई पत्राचार गरेको थियो । हेटौंडा-१ नम्बर वडा कार्यालयले पनि सो सम्बन्धमा ध्यानाकर्षण बुझाएको थियो । तर, उक्त पत्राचारप्रति नियमन गर्नेतर्फ प्रहरी गम्भीर नभएको हाल भइरहेको टिपरका आतङ्कले पुष्टि गर्दछ । 'नेपालको कानून दैवले जानून्' भन्ने उखान यही प्रसङ्गमा पुनः मिल्न गएको छ ।

प्रदेशका १० वटा जिल्ला (उपत्यकाबाहेक)को शान्ति सुरक्षाको जिम्मेवारी लिइरहेकी डिआइजी राणाको ठाडो निर्देशनको कार्यान्वयन पाटो भने हेर्न बाँकी छ । कानुन कार्यान्वयनमा समय सीमा निर्धारण हुँदैन । तर, मकवानपुरमा भने आवाज उठेपछि कानुन कार्यान्वयन भएको जस्तो देखिने र आवाज मत्थर हुन थालेपछि कानुनले कामै गर्न छोड्ने समस्या रहेको हेटौंडा-१ चौकीटोलका डिल्लीबहादुर थापा बताउँछन् । टिपरको तीव्रगतिका कारण दायाँबायाँ गुड्ने साना सवारीहरु नै साइड लागेर भागेको देख्दा स्थानीयले जिब्रो नै टोकेर भयभित हुने गरेका छन् ।

हेटौंडा नगरक्षेत्रका तीनवटा सिमेन्ट उद्योगका कच्चापदार्थ आपूर्ति गर्ने क्रममा टिपरले क्षमता भन्दा बढी लोड बोकेर नगरको मुख्य सडक र यात्रुलाई जोखिममा पारिरहेका छन् । तीव्र गतिका टिपर आउने बित्तिकै मोटरसाइकल, साइकल, अटो, मयुरी जस्ता साना सवारी साधन कालोपत्रे सडक छोडेर भाग्नुपर्ने अवस्था छ । टिपरले ढालाभन्दा माथि चुली लगाएर चुनढुंगा ल्याएपछि सडक सुरक्षामै खतरा निम्तिएको हो । नेपालको सडकहरु १० मेट्रिक टन भारवहन गर्ने सवारीका लागि निर्माण गरिएको भएपनि ५० टनभन्दा बढी चुनढुंगा बोक्ने टिपरहरु निर्बाध चलिरहेका छन् । तर, प्रहरी प्रशासनको यसतर्फ कुनै ध्यान गएको छैन । नयाँ किन्दाको अवस्थाको टिपरको ढाला बराबरमात्रै चुनढुंगा बोक्न पाउने मापदण्ड भएपनि हाल ढाला थपेर त्यसमाथि पनि चुली लगाएर ढुंगा ओसारपसार गरिरहेका छन् ।

टिपरहरुको अटेरीपनाका कारण ट्राफिक प्रहरी नै हैरान छन् । हेटौंडास्थित ऋद्धिसिद्धि सिमेन्ट उद्योगले राक्सिराङ गाउँपालिका र शिवम् सिमेन्टले मकवानपुरगढी गाउँपालिकाको ७ र ८ नम्बर वडामा रहेका खानीबाट चुनढुंगा उत्खनन् गरिरहेका छन् । उत्खनन् गरिएका चुनढुंगा टिपरले ढाला भन्दा माथि चुली बनाएर कानुन विपरित ओसारपसार गरिरहेका हुन् ।

## मकवानपुरमा नापी भएका जग्गाको लालपूर्जा दिन माग



साझाकुरा संवाददाता

हेटौंडा, २४ जेठ/नेकपा (एमाले) निकट भूमि अधिकार तथा श्रमिक संगठन मकवानपुरले जिल्लामा नापी भइसकेको जग्गाको लालपूर्जा वितरण गर्न माग गरेको छ ।

जिल्लाको १० वटै स्थानीय तहमा नापी भइसकेका जग्गाको लालपूर्जा दिन संगठनले माग गरेको हो । राष्ट्रिय भूमि आयोग मकवानपुरलगायत विभिन्न सम्बन्धित निकायहरुमा ज्ञापनपत्र बुझाउँदै भूमि अधिकारबाट बञ्चित भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीहरुलाई लालपूर्जा वितरण गर्न माग गरिएको छ । यसैगरी, संगठनले आर्थिक वर्ष २०८०/८१ को बजेट विनियोजनमा भूमि व्यवस्थासम्बन्धी समस्या समाधानका लागि प्राथमिकताका साथ बजेट व्यवस्था गर्न माग गरेको छ ।

स्थानीय तहमा नापी नभएका वडाहरुमा छिटोछरितो काम सम्पन्न गर्न अधिकतम दक्ष कर्मचारी व्यवस्थापन गरी काम सम्पन्न माग गरेको छ । यस्तै जग्गा नापी नक्सा गर्दा विवाद रहेका स्थानहरुमा सत्य तथ्य छानबीन गरी विवाद समाधान गर्न पनि संगठनले माग गरेको छ । संगठनले हेटौंडा उपमहानगरको वडा नम्बर १२, १३ र १४ को साथै मनहरी गाउँपालिकाको नौं वटै वडामा चितवन राष्ट्रिय निकुञ्जसँग जोडिएको मध्येवर्ती क्षेत्रको जग्गा नापी गर्न रोक लगाएकोप्रति गम्भीर ध्यानाकर्षण भएको भन्दै राष्ट्रिय वन ऐन, नियम समयानुकुल हुनेगरी जनभावना अनुरुप परिमार्जन गरी सो क्षेत्रमा बसोबास गरिरहेकाहरुको लागि जग्गा नापी गरी पूर्जा वितरण कार्यलाई अघि बढाउन माग गरेको छ ।

संगठनले जिल्ला प्रशासन कार्यालय मकवानपुर, राष्ट्रिय भूमि आयोग मकवानापुर, नापी कार्यालय मकवानापुर, मालपोत कार्यालय मकवानपुर, डिभिजन वन कार्यालय मकवानपुर, जिल्ला समन्वय समिति मकवानपुर र हेटौंडा उपमहानगरपालिका प्रमुखलाई ज्ञापनपत्र बुझाएको थियो । संगठनका केन्द्रीय कोषाध्यक्ष सुनिल लोप्चन, जिल्ला अध्यक्ष यज्ञबहादुर श्रेष्ठ, सचिव विष्णु आर्चाय र एमाले हेटौंडा नगर कमिटी अध्यक्ष शालिकराम पुडासैनीलगायतकाले ज्ञापनपत्र बुझाउने कार्यक्रममा उपस्थिति थिए ।

## १५ नम्बर वडा मेयर कप फुटबलको फाइनलमा

साझाकुरा संवाददाता

हेटौंडा, २४ जेठ/हेटौंडा उपमहानगरपालिकामा जारी मेयर कप फुटबल प्रतियोगिताअन्तर्गत बुधवार पहिलो सेमिफाइनल खेल भएको छ ।

१५ नम्बर वडाले १४ नम्बर वडालाई हराउँदै फाइनल यात्रा तय गरेको छ । नगर खेलकुद विकास समितिको आयोजना भइरहेको तेस्रो संस्करणको मेयर कपमा १५ नम्बर वडाले सडनडेथमा १४ नम्बरलाई पराजित गरेको हो ।

हेटौंडा-५, स्थित पिप्लेक्याम्पा रंगशालामा भएको खेलमा निर्धारीत समय १-१ को बराबरी भएको थियो । खेलको पहिलो गोल १५ नम्बर वडाका सन्तबहादुर घलेले दोस्रो हाफको १८ मिनेटमा गरेका थिए । १४ नम्बर वडाबाट खेलको ७१ औं मिनेटमा उमेश गोङ्वाले गोल गर्दै खेल बराबरीमा ल्याएका थिए ।

निर्धारीत ९० मिनेटभित्र हारबाट जोगिएको १४ नम्बर वडाले पेनाल्टी सुटआउटमा पनि २-२ को बराबरी गरेको थियो । पेनाल्टी सुटआउटमा १५ नम्बर वडाका लागि ऋषि मोक्तान र अनिष लामाले मात्रै गोल गरे । १४ नम्बर वडाका लागि प्रताप थोकर र उमेश गोङ्वाले गोल गरेका थिए । पेनाल्टी सुटआउन पनि बराबरी भएपछि सडनडेथमा १५ नम्बर वडाका दिपेश रुम्बाले गोल गर्दा १४ नम्बर वडाका खेलाडी गोल गर्नबाट चुके ।

सडनडेथको अन्तिम मौका खेर गएपछि १४ नम्बर वडाको सेमिफाइनलबाटै मेयर कपको यात्रा टुंगिएको छ । १४ नम्बर वडाले क्वाटरफाइनलमा ९ नम्बर वडालाई पराजित गरेको थियो ।

१५ नम्बर वडाले उपाधिका लागि आज बिहीवार हुने खेलको विजेतासँग शनिवार प्रतिस्पर्धा गर्नेछ । १५ नम्बर वडाले १९ नम्बर वडालाई हराउँदै अन्तिम चारमा प्रवेश गरेको थियो । पिप्ले क्याम्पा रंगशालामा आज ११ नम्बर वडा र १३ नम्बर वडा फाइनल प्रवेशका लागि प्रतिस्पर्धा गर्नेछन् । ११ नम्बर वडाले १ नम्बर वडालाई र १३ नम्बर वडाले २ नम्बर वडालाई पराजित गर्दै सेमिफाइनल आएका थिए ।

मेयर कप फुटबल प्रतियोगिताको विजेता टिमले नगद २ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले नगद १ लाख ५० हजार रुपैयाँ प्राप्त गर्नेछन् । सेमिफाइनल प्रवेश गर्ने दुई टिमले ५०-५० हजार रुपैयाँ प्राप्त गर्नेछन् । यस्तै विधागत उत्कृष्ट खेलाडीहरुले ५-५ हजार रुपैयाँ प्राप्त गर्ने आयोजकले जनाएको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लास्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# प्रदेशको राजधानी कस्तो हुनुपर्ने ?

बागमती प्रदेशको सदरमुकाम हेटौंडालाई राजधानी सहर जस्तै बनाउन मकवानपुरका एक जना नेताले माग गरिरहेका छन् । कार्यान्वयन तहमा ध्यानाकर्षण गराउँदै नेता भीमसेन महतले मुख्यमन्त्रीलाई सुझाव दिएका छन् । वर्षौंदेखि मकवानपुरको विकासका सबाल उठाउँदै आएका महतले बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेललाई लिखितरुपमै सुझाव पेश गरेका हुन् । महतले हेटौंडा काठमाडौं सुरुङमार्ग निर्माण गर्न स्थापना भएको नेपाल पूर्वाधार विकास कम्पनी लि.को एक वर्षको ब्यालेन्स सिट हेरेर कम्पनीले सुरुङमार्ग बनाउन सक्दैन र सर्वसाधारण जनताको पैसा डुवाउँदैछ भनेर पटकपटक सचेत गराएका थिए । हेटौंडा बजार क्षेत्रको २५ मिटर क्षेत्राधिकार सडकको हुने भन्दै २५ मिटर फराकिलो सडक बनाउनुपर्ने धारणा राख्दै आएका थिए । बिगतमा कम्युनिष्ट राजनीति गरेका महत पछिल्लो समय कांग्रेसमा क्रियाशील छन् ।

खासगरी हेटौंडाको विकासको भिजन बोकेका महतले कार्यान्वयन गर्ने तहमा पुग्ने अवसर भने पाएका छैनन् । उनले हेटौंडामा भौतिक संरचना निर्माणदेखि धार्मिक पर्यटनसम्मका विषय उठाएर आगामी आर्थिक वर्ष २०८०/८१ को बजेटमा योजना समावेश गर्न आग्रह गरेका हुन् । महतले मकवानपुरगढीको गढी दरबारदेखि मनकामना मन्दिर, पाथिभरा, भुटनदेवी, पशुपति, वनस्खण्डी, भीमफेदी-१, स्थित त्रिखण्डीलगायतका धार्मिक क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्नुपर्ने सुझाव दिएका छन् । महतले पर्यटनसँगै जलचर संरक्षण, विभिन्न जंगली जनावरका फार्महरुका बारेमा, फलफूलको सहर निर्माण गर्ने बारे, रमणीय क्षेत्रलगायतका ४० वटा योजनाहरु सुझावका रुपमा उपलब्ध गराएका छन् । हेटौंडामा भारतबाट आउने पर्यटकलाई आकर्षित गर्ने गरी प्रदेश सरकारले काम गर्न सकिने छ । विशेषगरी राजधानी भन्ने वित्तिकै सम्पूर्णरुपमा विकासका पूर्वाधार सडक, यातायात, सञ्चार, विजुली, पिउने पानी, शिक्षा, स्वास्थ्य, खेलमैदान, पार्क, सिनेमा हल जस्ता क्षेत्रमा आमूल परिवर्तन आवश्यक छ । प्रदेशको राजनधानीलाई प्रदेशका सम्पूर्ण जिल्लालाई जोड्ने गुणस्तरीय सडक सञ्जाल, सुरक्षित र वातावरणमैत्री यातायातको व्यवस्था, शिक्षा र स्वास्थ्य हबको रुपमा विकास गर्नुपर्ने तर, पछिल्लो समय राजधानी स्वयम यी र यस्ता अनेकन विकासका पूर्वाधारबाट वञ्चित रहेको छ । हेटौंडाका बासिन्दाहरु नाम मात्रको राजधानीमा बसिरहेको अनुभूति गरिरहेका छन् । यस्तो परिस्थितिमा प्रदेश सरकारले प्रदेशको राजधानी र यहाँका मानिसको सर्वाङगिण विकासका योजनाबद्ध तरिकाले काम गर्नुपर्ने देखिन्छ । यहाँका जनता मात्र होइन प्रदेशका विभिन्न जिल्लाबाट कामका सिलसिलामा आउने सर्वसाधारणले समेत हेटौंडा आइसकेपछि राजधानीको अनुभव गर्न नपाएको गुनासो गर्ने गरेका छन् । प्रदेश सरकारको सम्बन्धित कार्यालय हुनुले मात्र हेटौंडालाई प्रदेशको राजधानी भएको प्रमाण नपुग्ने भएकाले यहाँको समग्र भौतिक, आर्थिक, सामाजिक, शैक्षिक र स्वास्थ्यका क्षेत्रको विकासमा प्रदेश सरकारको ध्यान पुगोस् भन्ने हेतुले सरकारलाई ध्यानाकर्षण गराइएको हो ।

आर्थिक वर्ष ०८०/८१ को बजेटबाट 'मुख्यमन्त्री प्रदेश राजधानी पर्यटन विकास कार्यक्रम' लागू गरी बजेट बिनियोजन गरेर समग्र जिल्लाको योजना बनाई पर्यटन विकास गर्न मुख्यमन्त्री जम्कट्टेल समक्ष आग्रह गरिएको छ । मुख्यमन्त्री जम्कट्टेलले हेटौंडाको विकासको चिन्तालाई लिएर पहिलोपटक महत आइपुगेको बताएका छन् । आफू पनि हेटौंडाको विकास गर्न चिन्तित भएको मख्यमन्त्रीले बताएका छन् । यसअघि हेटौंडा उपमहानगरका नेतृत्वसँग विकासका सबालमा छलफल भएको बताउँदै जम्कट्टेलले महतको सुझावलाई पनि गम्भिरका साथ लिने बताए । उनले मकवानपुर लाई विशेष रुपमा विकास गर्न बजेट विनियोजन गर्ने प्रतिबद्धता जनाए । उनले हेटौंडामा देखिने खालको काम गर्न प्रदेश सरकारले चाहेको बताएका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० जेष्ठ २६ गते शुक्रबार ९ जुन २०२३ । षष्ठी, जेष्ठ शुक्लपक्ष । तछलागा ११४३ ने.सं. । सूर्योदय ५:९, सूर्यास्त ६:५७ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : नयाँ ज्ञान प्राप्त हुनेछ | तुला | : उत्साहमा कमी आउनेछ |
| वृष | : कृषिमा हानि हुनेछ | वृश्चिक | : आफन्तबाट धोका हुनेछ |
| मिथुन | : व्यापारमा फाइदा मिल्नेछ | धनु | : प्रतिष्ठित काम पाइनेछ |
| कर्कट | : इनाम हात पर्नेछ | मकर | : सामाजिक दायित्व बढ्नेछ |
| सिंह | : श्रम खेर जानेछ | कुम्भ | : काममा सहयोग मिल्नेछ |
| कन्या | : पढाइमा प्रगति हुनेछ | मीन | : अनावश्यक खर्च हुनेछ |

# सत्ता टिकाउन किन खोज्छन् भारतकै आशीर्वाद ?



✍ रामनारायण देव

नेपालका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' चार दिवसीय भ्रमण सकेर गत शनिबार स्वदेश फिर्ता भएका छन् । भारत नेपालबिच सदियौँदेखि सामाजिक, सांस्कृति, धार्मिक सम्बन्ध रहिआएको छ । दुई देशबिच साझा मूल्य र मान्यतामा आधारित सम्बन्ध रहेको छ । दुवै देश आर्य हिन्दु संस्कृतिका वाहक हुन् । दुवै देशवासी धार्मिक आस्थाबाट प्रेरित भई एकअर्काका तीर्थस्थलमा बिनाराहदानी खुला सीमाको उपयोग गरी आवतजावत गर्छन् । पारस्परिक रगतको सम्बन्ध पनि छ ।

यति हुँदाहुँदै पनि यी दुई मुलुक अलग अलग सार्वभौम सत्ता सम्पन्न र स्वतन्त्र मुलुक हुन् । नेपाल सार्वभौम सत्ता सम्पन्न स्वतन्त्र राष्ट्र भएकाले एकअर्काको आवश्यकता र मान्यताबाट प्रेरित छ । स्वतन्त्र र स्वाभिमानी रूपमा बाँच्न भारतवेष्टित मुलुक भएकाले भारतको भर पर्नु स्वाभाविकै हो । विश्व बजारसँग व्यापार गर्ने सामुद्रिक मार्ग नभएर पनि भारतमाथि भर पर्नुपरेको छ । त्यसैले नेपालको मुख्य बजार भारत नै हो । भारतमा उत्पादित सामग्रीहरूको खपत हुने बजार नेपाल पनि हो । यिनै कारण भारतसँग व्यापार र पारवहन सम्झौता गर्नु आवश्यक छ । भारतसँग सीमालगायतका विभिन्न समस्या छन् । विगतदेखि नै निर्वाचित भएपछि नेपालका प्रधानमन्त्रीहरू भारत भ्रमणमा जाने परम्परा छ । सोहीअनुसार प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' चार दिने भारत भ्रमणमा गएका हुन् । भ्रमणबाट फर्किने बित्तिकै गत शनिबार त्रिभुवन विमानस्थलमा पत्रकार सम्मेलनको आयोजना गरी उनले राजनीतिक नेतृत्व तहमा रहेको विश्वासको सङ्कट यस पटकको भ्रमणले समाधान गरेको जानकारी दिए । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालसँगको सम्बन्ध हिमाल जतिकै उच्च भएको बताएको कुरा पनि उनले जानकारी गराए । यसले दुवै देशको सम्बन्ध अझ प्रगाढ बनेको छ ।

प्रधानमन्त्री प्रचण्डले सन् २०१९ देखि अप्ठ्यारो बनेको दुई देशको सम्बन्धमा आफ्नो भ्रमणले सुधार ल्याएको दाबी पनि गरे । यो भ्रमण पारवहन सन्धि नवीकरण, नेपालको व्यापार घाटा कम गर्ने, कृषि उपजलाई वृद्धि गर्ने र भन्सारमा सहजीकरण गर्ने विषयमा बढी केन्द्रित भएको पनि उनले बताए । यो भ्रमण विगतको भन्दा परिणाममुखी रहेको उनको जिकिर थियो । यति हुँदाहुँदै पनि भ्रमणमा केही महत्वपूर्ण र दूरगामी समझदारी भएका छन् । दीर्घकालीन ऊर्जा व्यापारमा १० वर्षमा १० हजार मेगावाट विद्युत् निर्यात गर्ने कुरा नेपालले पहिलेदेखि नै गर्दै आएको थियो । त्यसलाई प्रधानमन्त्री मोदी आफैँले प्रस्ताव राखी सहमति जनाएका छन् । नेपालका विभिन्न जलविद्युत् आयोजनामा भारतीय लगानी भित्र्याउने, द्विपक्षीय ऊर्जा व्यापारका लागि ट्रान्समिसन लाइनलगायतका संरचना निर्माण गर्ने र नेपालबाट भारततर्फ ऊर्जाको दीर्घकालीन व्यापारका लागि वैधानिक आधार सुनिश्चित गर्ने सहमति भ्रमणका क्रममा भएको छ ।

दीर्घकालीन ऊर्जा व्यापारका सम्बन्धमा भारतीय भूमि हुँदै बङ्गलादेशसम्म नेपालबाट जलविद्युत् निर्यातको सुरुवात गर्ने र त्रिपक्षीय सम्झौताका लागि प्रक्रिया अघि बढाउने सहमति पनि भएको छ । सीमासम्बन्धी विषय भारतीय समकक्षीसँग खुलेर कुरा गरेको प्रधानमन्त्री प्रचण्डको दाबी छ । यस विषयमा भारतीय प्रधानमन्त्रीसँग समाधान खोज्नै पर्छ । दीर्घकालसम्म यो समस्या राखिरहे यसले दुई देशबिचको सम्बन्धलाई झन् जटिल बनाउँछ । प्रचण्डले सीमासम्बन्धी विषय कूटनीतिक संयन्त्रमार्फत समाधान गर्न भारतका प्रधानमन्त्रीलाई आग्रह गरेको पनि बताए ।

प्रधानमन्त्री प्रचण्डको भारत भ्रमण व्यापार र पारवहनका हिसाबले उपलब्धिपूर्ण रहे पनि सीमा तथा प्रबुद्ध व्यक्तिहरूको समूह (ईपीजी) बारे डटेर कुरा नराखेकामा सर्वत्र टीकाटिप्पणी भइरहेको छ । किनभने भारतले पश्चिम नेपालको कालापानी क्षेत्रका लिम्पियाधुरा, लिपुलेक लगायतका स्थानमा सीमा मिचेर सडक लगायतका संरचना निर्माण गरेको छ । त्यो क्षेत्रमा वि.सं. २०१८ (१९६२ ई) देखि नै भारतीय सैनिकहरू क्याम्प नै बनाई निर्बाध रूपमा परिचालन भएका छन्, सैन्य गतिविधि गरिरहेका छन् । विगत ६२ वर्षदेखि नेपाली धरतीमा भारतीय सैनिक्ले परेड खेलिरहेका छन् । यो कार्यलाई नेपाल सरकारले नदेखेझैँ गरेको छ । भारतले ती क्षेत्र आफ्नो नक्सामा पारेको छ । नेपालमा चार वर्षअघि यसको व्यापक विरोध भएको थियो । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले विरोध गरी भारतलाई नक्सा सच्याउने आग्रह गरेका थिए । ओलीले नक्सा नै संशोधन गरी कालापानी क्षेत्रका नेपालका भूभाग समेटेर नयाँ चुच्चे नक्सासमेत तयार पारी प्रचलनमा ल्याएका छन् ।

कालापानी क्षेत्र भारतका लागि अति संवेदनशील सामरिक महत्त्वका क्षेत्र हो । सन् १९६२ मा भारत-चीन युद्ध हुँदा चिनियाँ सेनाले भारतको पूर्वी भू-भाग अरुणाञ्चल प्रदेशमा कब्जा जमाएको थियो भने पश्चिम काश्मीर नजिक लद्दाख क्षेत्रमा हमला गरिराखेको समयमा तत्कालीन भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरुले राजा महेन्द्रसँग सल्लाह गरी कालापानी भू-भागमा भारतीय सेना राखिएको थियो ।

तर युद्ध समाप्त भए पनि भारतीय सैनिक क्याम्प हटेन । उल्टै स्थायी रूपमा नै बस्न थाले । भारतले महाकाली नदीको उद्‌गम स्थल नै परिवर्तन गरायो । उसले एउटा सानो खोल्सोलाई महाकाली नदीको उद्‌गम स्थानका रूपमा व्याख्या गर्न थाल्यो । कालापानीका लिपुलेक, लिम्पियाधुरा लगायतका सम्पूर्ण भूभाग नेपालको स्वामित्वमा छ । किनभने त्यहाँका जनताले नेपाल सरकारलाई पहिलेदेखि नै तिरो, कर बुझाएका रसिद सुरक्षित छन् । भारतका पुराना नक्सा (अग्रेंजको समय) मा उक्त क्षेत्र नेपालमै देखाइएको छ । विसं २०१८ मा नेपाल सरकारले त्यो क्षेत्रमा जनगणना गराएको अभिलेख पनि सुरक्षित छ । त्यहाँ जनगणना गर्ने वरिष्ठ वयोवृद्ध पत्रकार भैरव रिसाल (९५ वर्ष) पनि जिउँदै हुनुहुन्छ । यसरी नेपालको अखण्ड भूभागमाथि अधिकार नहुनु आफैँमा बडो विडम्बनाको विषय हो । यस विषयमा प्रधानमन्त्री प्रचण्डले गम्भीर रूपमा उठाउनु पर्दथ्यो तर उठाएनन् । विवादमा पर्न चाहेनन् । सौहार्दपूर्ण सम्बन्ध राख्ने नाममा यस्ता कुरा उठाएर विवादमा फस्न उनले चाहेनन् ।

त्यसैगरी २०७२ चैतमा नेपाल र भारतका प्रबुद्ध व्यक्तिको समूह (इपिजी) गठन भएको थियो । त्यसलाई सन् १९५० मा भारतसँग भएको सन्धिलाई पुनरावलोकन गर्न आवश्यक सुझावसहितको प्रतिवेदन तयार गर्ने जिम्मा दिइएको थियो । त्यसले लामो समयसम्म अध्ययन गरी सो प्रतिवेदन तयार पाऱ्यो । यो तयार पारेको पनि वर्षौं भइसकेको छ । तर उक्त प्रतिवेदन भारतले बुझ्न मानिरहेको छैन । सो विषय पनि प्रधानमन्त्री प्रचण्डले भ्रमणमा उठाउनुपर्दथ्यो तर उठाएनन् । भारतले दक्षिणी सीमा क्षेत्रमा बाँध निर्माण गरेकाले तराईका अधिकांश जिल्लामा डुबान हुन्छ । जनहितसम्बन्धी ती कुरा पनि उठाएनन् । वर्षायाममा सीमा क्षेत्रका यस्ता बाँधले तराईका अधिकांश जिल्ला जलमग्न हुन्छन् । यो दुवै देशको प्रमुख समस्या हो । यसरी प्रधानमन्त्री प्रचण्डले नेपालको सार्वभौमसत्ता र स्वतन्त्र अस्तित्वसँग गाँसिएको संवेदनशील विषय भारत समक्ष उठाउन नसक्दा उनका कमजोरी तथा कूटनीतिक कौशलको कमी रहेको प्रस्ट देखिन्छ । यसभित्र सत्ता टिकाउने स्वार्थ रहेको शङ्का पनि गर्न सकिन्छ । नेपालका कुनै पनि प्रधानमन्त्रीले भारतीय समकक्षीसँग डटेर निर्भीक रूपमा आफ्ना कुरा राख्न नसक्नु विडम्बना हो । नेपाल सधैँ भारतसामु नतमस्तक भइरहनु नेपाली जनताका दुर्भाग्य हो । राष्ट्रिय हितभन्दा सत्ता हितमा केन्द्रित हुनु नेपाली नेताहरूको नियति नै बनेको छ । नेपाल भारतीय नेता समक्ष डटेर समस्या राख्न सक्दैनन् । त्यसैले भारतले हरेक क्षेत्रमा नेपाललाई हेप्ने गरेका छन् । सरकारमा जानेहरू सधैँ सत्ता टिकाउने भारतकै आशीर्वाद खोज्छन् । लेखक अधिवक्ता हुन् । *साभार: रातोपाटी*

---

# स्थानीय सरकारका अबका योजना : बस्न योग्य गाउँ, हेर्न लायक ठाउँ

✍ विद्रोही गिरी

संघीय संसदले नीति कार्यक्रम पास गरी जेठ १५ गते प्रस्तुत बजेट माथि छलफल गरिरहेको छ । आर्थिक बर्ष २०८०/८१ का लागि संघीय सरकारले १७ खर्ब ५१ अर्ब ३१ करोडको बजेट प्रस्तुत गरेको हो। अर्थतन्त्रलाई गतिशील बनाई फराकिलो, दिगो र समावेशी आर्थिक वृद्धि हासिल गर्ने उद्देश्यका साथ बजेट प्रस्तुत भएको छ।

गुणस्तरीय सामाजिक विकास, सुरक्षा र न्याय प्रत्याभूत गर्ने, लगानीमैत्री वातावरण निर्माण गरी निजी क्षेत्रको मनोबल उच्च पार्ने, आय तथा रोजगारीका अवसर सिर्जना गरी गरिबी न्यूनीकरण गर्ने बजेटको उद्देश्य छ। यी उद्देश्य प्राप्त गर्नका लागि कृषि, ऊर्जा र पर्यटन विकास, लगानी प्रवर्द्धन, औद्योगिक विकास र व्यापार सन्तुलन, गुणस्तरीय भौतिक पूर्वाधार निर्माण, डिजिटल र हरित अर्थतन्त्र प्रवर्द्धन लगायत विषय बजेटका प्राथमिकतामा परेका छन्।

संघीय सरकारले राखेका प्राथमिकता प्रदेश तथा स्थानीय सरकारले महसुस गरेका आवश्यकतालाई समेटेर प्रदेश सरकारले असार १ र स्थानीय सरकारले असार १० गतेभित्र नीति कार्यक्रम र बजेट प्रस्तुत गर्नेछन् । नीति कार्यक्रम र बजेटले नागरिकको अपेक्षालाई सम्बोधन गर्दै राष्ट्र निर्माणमा योगदान पुऱ्याउनुपर्छ।प्रदेश र स्थानीय तहको आ-आफ्नै आवश्यकता र प्राथमिकता तय होलान् । तर अहिलेको साझा रूपमा देखिएका समस्याहरू सम्बोधन गर्न ध्यान दिनुपर्छ । बेरोजगारी, सुशासन, भौतिक पूर्वाधारमा गुणस्तरीयता अनि आवश्यकताका आधारमा र दीर्घकालीन महत्वको विषयमा यी सरकारहरू घोत्लिन जरूरी छ।

बजेट कार्यान्वयनमुखी हुन आवश्यक छ । हामीले देखेको कतिपय बजेटहरू कार्यान्वयन नहुँदै आव सकिएका छन् । गाउँमा कार्यान्वयनमा आउने बजेट स्थानीयहरूको सहभागितामा खर्च गर्ने गरी आउने गरेका छन्। जुन गाउँका बासिन्दा वर्ष दिनभरि खान पुग्ने छैनन् । उनीहरूले सडक, विद्युत्, खानेपानी, विद्यालय, स्वास्थ्य चौकी बनाउँदा जनसहभागिता देखाउनुपर्ने हुन्छ त्यो चाहे कुल बजेटको १० प्रतिशत होस् या २५ प्रतिशत। यो सहभागिताका लागि रकम विनियोजन गरिएको हुन्छ। यसमा गाउँलेले आफ्नो तर्फबाट पैसा जम्मा गर्नुपर्ने अथवा त्यसको बदलामा जनश्रमदान गर्नुपर्ने हुन्छ । यी दुवै काम गर्न नसक्ने गाउँहरूमा बजेट कार्यान्वयन भएको देखिएको छैन। शहरोन्मुख ठाउँहरूमा स्थानीय समुदायले पैसा उठाएरसहभागिता जनाएर विकास भएको छ । यस्तो मोडेलले दुई छाक खान नपुग्ने गाउँहरूमा विकासको लहर आउने अवस्था छैन।

ठेक्का मार्फत निर्माण हुने काम पनि निमुखा गाउँले भएका ठाउँमा सुरु गरेर छोडिएको छ। ठेकेदारले बीचमा छोड्दा एकातिर सरकारको लगानी, अर्कोतिर प्रगति शून्य । तालुक कार्यालयहरूले प्रगतिको आधारमा भुक्तानी गरेको छु भन्ने तर्क धेरै ठाउँमा सुनिन्छ।कामले पूर्णता नपाउँदै यसरी भुक्तानी दिंदा बनेका केही संरचना पनि वर्षामा ध्वस्त हुन्छन्। पहिलो कुरा कसका लागि बजेट ल्याइएको छ भन्ने कुरा आधारभूत तहमा थाहा हुन जरूरी । यी र यस्ता समस्या समाधान गर्ने गरी सरकारहरूले नीति कार्यक्रम र बजेट ल्याउनुपर्छ। संघीय सरकारले कृषि, ऊर्जा र पर्यटनको क्षेत्रलाई बजेटको प्राथमिकतामा राखेको छ । कृषिको क्षेत्रमा लगानी गरेका हिसाबकिताब सरकारसँग छ कि छैन ? गाउँघरमा खेती गर्ने बेलामा घरबाट बीउ निकाल्न नसक्ने गरिब हुन् भन्ने समाजमा स्थापित मान्यता थियो । दुई दशकयता अधिकांशको घरमा बीउ छैनन् अब हामी गरिब भयौं कि भएनौं ?

हाम्रो कृषिमा गरेको लगानी प्रविधि मैत्री, हावापानी सुहाउने किसिमको भयो कि भएन ? प्रश्न छ तर यसको लेखाजोखा गर्ने निकायको तथ्याङ्कमा प्रगति नै देखिन्छ । हाम्रो जीवनशैली, उपादकत्व र सरकारको नीति, योजना र कार्यक्रम बीच तादाम्यता मिल्यो कि मिलेन भनेर हेर्नुपर्ने हुन्छ। मल, सिंचाइ, प्रविधि, जनशक्तिको अभावमा हाम्रा उत्पादनहरू सोचे जस्तो छैनन् । अझ राज्यको तर्फबाट यी क्षेत्रमा भएका लगानीको प्रतिफलको हिसाब सन्तोषजनक छैन । यसका लागि नयाँपन जरूरी छ । मानौं कृषि क्षेत्रमा बैंकले गरेको ऋण लगानीको प्रतिफल नगन्य छ।व्यावसायिक किसानका लागि सरकारले थालेका अनुदान कार्यक्रमहरू अनुदानप्राप्त गरेपछि क्रमशः उत्पादनहरू हराउँदै गएका छन् । ५/७ वर्षमा सरकारले अनुदान दिएका कृषि फार्महरू आज कुन अवस्थामा छन् यसको लेखाजोखा छ त ? यसरी उत्पादनका लागि अनुदान दिएकाको प्रतिफल राज्यले खोज्ने कि नखोज्ने?गाउँमा रहेका किसान त बैंकको ऋण लिने गरी पहुँचमा पनि हुँदैनन् । अझ बैंकबाट पाँच वर्ष अगाडि कृषि ऋण लिएर कृषि व्यवसाय थालेकामध्ये अधिकांशको फार्महरू बन्द नै छन् । फार्म सञ्चालकले ऋण लिंदाखेरी गरेको प्रस्तावलाई बैंकले पछि ध्यान नदिएको जस्तो लाग्छ । फार्म वालाले ब्याज र सावाँ भाकाभित्र बुझायो कि बुझाएन भन्ने कुरामा मात्र बैंक केन्द्रित देखिन्छ । उद्देश्य अनुसारको काम गरेको छ कि छैन भन्ने विषयमा बैंक मौन बन्छ । यसले राज्यको कृषि क्षेत्रमा अलिकति भएको लगानीको पनि प्रतिफल छैन ।प्रदेश सरकार र स्थानीय तहका कृषि तथा पशुशाखाहरू उत्पादन बढाउने, बजारीकरण गर्ने अभियानमा लाग्दा कृषिको उत्पादकत्व वृद्धि हुने हो त्यो दिशातर्फ कार्यक्रमहरू बढेका पाइँदैन । प्रदेश सरकार र स्थानीय सरकारले एक कार्यकाल पूरा गरे । सिंहदरबारको अधिकार गाउँ तहसम्म आयो तर उत्पादन वृद्धि हुने कार्यक्रम आएन।

कृषि बजेट प्राथमिकतामा पऱ्यो उत्पादन प्राथमिकतामा परेन । अब त्यसो गरिनुहुँदैन । लगानी गरेपछि लाभ खोजिनुपर्छ । सबै चिजको विकल्प होला तर खानेकुराको विकल्प छैन । त्यसैले प्रदेश र स्थानीय तहले कृषि उत्पादन वृद्धिका लागि नयाँ तरिकाले सोच्नुपर्छ । स्वदेशमै कृषि तथा पशुपालन गरौं भनेर आउने युवाका लागि गोठ बनाउँदा बनाउँदै विदेशबाट ल्याएको पैसा सकिन्छ । गाउँघरमा खोजेको ऋण र सापटी रकम सकिएपछि बैंकमा गयो बैंकमा धितो गाउँको भनेर आलटाल हुन्छ अनि ऋणले थिच्छ।

फेरि विदेश अथवा नयाँ गन्तव्य निर्धारण गऱ्यो, हिंड्यो यस्तो अवस्थाले केही गरौं भन्ने युवा सोचमा उत्साह हराउँदै गएको छ। काम गर्दा भएको पैसा सकियो, थप ऋण लाग्यो अनि विदेशिन बाध्यता बनेको छ । युवा जनशक्ति रोक्न र कृषि उत्पादन बढाउन सम्भावनाका क्षेत्रको पहिचान गरौं।स्थानीय तहले आफ्नो क्षेत्रभित्र सम्भावनाको खोजी गर्नुपऱ्यो । सोही अनुसारको उत्पादनको तयारीमा लाग्नुपऱ्यो । पालिकाभित्रका ऐलानी, पर्ती, खाली चौर, नदी, खोलाकिनारका जग्गाको संरक्षण तथा व्यवस्थापन गरी ती ठाउँहरूमा गाई-भैंसीपालन, बंगुरपालन, पक्षी पालन, घाँसे मैदान, तरकारी खेती, धानखेती, मकै खेती, गहुँ खेती, मसुरो, मास, गहत उत्पादनका क्षेत्रहरू पहिल्याउनुपऱ्यो। त्यसलाई ब्लकको रूपमा विभाजन गर्नुपर्छ। केही दृष्टान्त यहाँ राखेको छु । स्थानीय तहले आफ्ना खेर गएका जमिनमा सेड (गोठ) जोन बनाउनुपर्छ। पशुपालनका लागि ठाउँ-ठाउँमा गोठ बनाउने, खानेपानीको व्यवस्थापन, औषधि उपचार, एउटा पालिकाको क्षेत्रमा बनेका गाईभैंसी, बंगुरका सेडहरू भाडामा व्यावसायिक किसानलाई उपलब्ध गराउने।एउटा सेड तयार गरेर दाम्लो सहित राख्ने र भाडामा उपलब्ध गराउने हो भने एउटा किसानले पूर्वाधार निर्माणमा खर्च गर्नुपर्दैन सोझै काम गर्न पाउँछ । यसले उत्पादन पनि बढाउँछ । स्थानीय तहको आम्दानीको स्रोत पनि हुन्छ । यसरी काम थालेपछि व्यक्तिगत अनुदान दिने काम बन्द गर्नुपर्छ।

**प्रदेशले कृषि, पशु, खानेपानी, स्वास्थ्य सहित सामाजिक क्षेत्रका कार्यक्रम सोझै स्थानीय तह मार्फत कार्यान्वयन गर्नुपर्छ ।**

पशुपालनले मलको व्यवस्थापन हुन्छ अनि त्यही मल खेतीपातीमा लगाउँदा उत्पादन बढ्छ । लगानी समस्याका कारण पलायन हुने युवाशक्ति रोक्न यसले मद्दत गर्छ । कृषि तथा पशुपालन शाखामा कार्यरत तल्लो तहको कर्मचारीदेखि विज्ञसम्मको कर्मचारीले निगरानी गर्न सहज हुन्छ।

स्थानीय उत्पादनको बिक्री-वितरणका लागि कृषि सहकारी, कृषि उपजहरूको व्यवस्थापन स्थानीय तहबाटै हुँदा बजारीकरणको समस्या किसानले भोग्नु पर्दैन । यो त कृषिका लागि भए । कृषि पर्यटनका लागि हाम्रा उत्पादन क्षेत्रहरू सिकाइ केन्द्रका क्षेत्र हुन्छन् । हाम्रा मौलिक परम्परा, धार्मिक क्षेत्र, ऐतिहासिक, पुरातात्विक क्षेत्रको संरक्षण मार्फत पालिकालाई हेर्न लायक बनाउन सकिन्छ।

प्रदेश सरकारले कृषि र पशुपालनको क्षेत्रमा गर्ने काम सबै स्थानीय तह मार्फत गर्नुपर्छ । आफ्ना ठाउँमा हुने फलफूल खेती, पशुपालन, खाद्यान्नको क्षेत्र पहिचान गरौं, आत्मनिर्भर अर्थतन्त्र निर्माणमा कृषि क्षेत्रबाट योगदान गरौं भन्ने भावनाका साथ स्थानीय र प्रदेश सरकारले नीति कार्यक्रम र बजेटमा ध्यान केन्द्रित गरौं । यसपछि साँच्चै बस्नयोग्य गाउँ, हेर्न लायक ठाउँ बन्छ।

प्रदेशले कृषि, पशु, खानेपानी, स्वास्थ्य, सामाजिक क्षेत्रका कार्यक्रमहरू सोझै स्थानीय तह मार्फत कार्यान्वयन गर्नुपर्छ । आफ्ना युनिटहरूले अनुगमनको काम गर्दा हुन्छ । बस्न योग्य गाउँ, हेर्न लायक ठाउँहरू गाउँमा प्रशस्त छन् । बस्न योग्य बनाउन आधारभूत कुराहरू जस्तै सडक, बिद्युत्, खानेपानी, शान्तिसुरक्षा, सामाजिक न्याय, शिक्षा, स्वास्थ्य सेवा हुनुपर्छ ।

*साभार: अनलाइनखबर*

# पूँजीकोषको दबाबमा बैंक




काठमाडौं / बैंक तथा वित्तीय संस्थाले व्यवसायको आधारमा पूँजी बढाउन नसक्दा पूँजी कोषको दबाब बढ्दै गएको छ । नेपाल राष्ट्र बैंकले तोकेको अनुपातमा जोखिम भारित सम्पत्तिअनुसार पूँजी कायम गर्न नसक्दा गत आर्थिक वर्षको मुनाफाबाट तीनवटा वाणिज्य बैंक लाभांश बाँड्न पाएका थिएनन् ।

चालु आर्थिक वर्ष (आव) को चैत मसान्तसम्मको तथ्यांक अनुसार यो वर्षको मुनाफाबाट पनि तीनवटा विकास बैंकले पूँजीकोष पुर्याउन नसक्दा लाभांश बाँड्न नपाउने भएका छन् । नेपाल राष्ट्र बैंकले बैंकहरुलाई जारी गरेको एकीकृत निर्देशनअनुसार 'क्यापिटल एड्युकेसी फ्रेमवर्क' २०१५ अनुसार प्राथमिक पूँजीमा ६ प्रतिशत क्यापिटल कन्भर्सेसन बफर २ दशमलव ५ प्रतिशतसहित ८ दशमलव ५ प्रतिशत न्यूनतम् प्राथमिक पूँजीकोष र ११ प्रतिशत न्यूनतम् पूँजीकोष कायम गर्नुपर्ने हुन्छ । यो कायम गर्न नसक्ने कम्पनीहरुले लाभांश बाँड्न पाउँदैनन् ।

वाणिज्य बैंक र राष्ट्रिय स्तरका विकास बैंकहरुले क्यापिटल एडुकेसी फ्रेमवर्क २०१५ अनुसारको पूँजीकोष कायम गर्नुपर्ने राष्ट्र बैंकको एकीकृत निर्देशनमा उल्लेख छ । तर, अन्य विकास बैंक र वित्त कम्पनीहरुले भने क्यापिटल एडुकेसी फ्रेमवर्क २००७ अनुसारको न्यूनतम् पूँजीकोष कायम गर्नुपर्छ । जसअनुसार जोखिम भारित सम्पत्तिको ६ प्रतिशत प्राथमिक पूँजीकोष र १० प्रतिशत कुल पूँजीकोष कायम गर्नुपर्ने व्यवस्था राष्ट्र बैंकले गरेको छ ।

बैंक तथा वित्तीय संस्थाले जुनसुकै समयमा पनि तोकिएको अनुपातमा न्यूनतम् पूँजीकोष कायम गर्नु पर्ने व्यवस्था राष्ट्र बैंकले गरेको छ । बैंक तथा वित्तीय संस्थाले पूँजीकोषको विवरण प्रत्येक महिनाको मसान्तको वित्तीय विवरणका आधारमा आन्तरिक लेखापरीक्षकबाट प्रमाणित गराई महिना समाप्त भएको ७ दिनभित्र राष्ट्र बैंकमा पठाइसक्नुपर्ने व्यवस्था छ ।

न्यूनतम् पूँजीकोष कायम गर्न नसक्ने बैंकहरुलाई राष्ट्र बैंकले लाभांश वितरणमा रोक लगाउनुका साथै शीघ्र सुधारात्मक कारवाही लागु गर्नसक्ने व्यवस्था छ । 'कुनै आर्थिक वर्षको बीचको कुनै अवधिमा तोकिएको अनुपातमा न्यूनतम् पूँजीकोष कायम गर्न नसकेको भए तापनि सोही आर्थिक वर्षको अन्त्यमा तोकिएको अनुपातमा न्यूनतम् पूँजीकोष कायम भएको आधारमा नगद लाभांश तथा बोनस सेयर घोषणा/वितरण गर्न पाइनेछैन,' एकीकृत निर्देशनमा भनिएको छ । यसअनुसार कुनै पनि त्रैमासमा पूँजीकोष कम भयो भने लाभांश वितरण गर्न पाइँदैन ।

यस्तै पूँजीकोष सम्बन्धी निर्देशन पालना नगरेमा शीघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली, २०७४ बमोजिमको कारवाही पनि हुने एकीकृत निर्देशनमा उल्लेख छ ।

कर्जाको प्रकृति अनुसार बैंकहरुको जोखिम भार निर्धारण हुन्छन् । राष्ट्र बैंकले कर्जाको जोखिम तथा लगानी निरुत्साहन गर्न चाहेको क्षेत्रको कर्जामा बढी जोखिम भार निर्धारण गर्छ । जसले बैंकहरुलाई उक्त क्षेत्रमा कर्जा लगानी गर्न निरुत्साहित गर्छ वा बढी प्रिमियम लिने हुँदा कर्जाको माग नै कम हुन्छ भन्ने विश्वास गरिन्छ । उदाहरणका लागि १०० प्रतिशत जोखिम भार भएको कर्जा १ लाख प्रवाह भएको छ भने त्यसको जोखिम भार पनि १ लाख नै हुन्छ । उक्त कर्जा प्रवाह गर्न बैंकले ८.५ प्रतिशत प्राथमिक पूँजी (चुक्ता पूँजी, सेयर धनीको सञ्चिति कोष र जगेडा कोष) हुनुपर्छ ।

राष्ट्र बैंकले तोकेअनुसारको ८.५ प्रतिशत प्राथमिक पूँजीकोष कायम गर्न नसकेपछि गत आर्थिक वर्ष २०७८/७९ को मुनाफबाट एनआईसी एसिया, लक्ष्मी र माछापुच्छ्रे बैंकले लाभांश बाँड्न पाएका थिएनन् । एनआईसी एसिया बैंकले आर्थिक वर्ष २०७७/७८ मा नै प्राथमिक पूँजीकोष कायम गर्न नसकेपछि उक्त आर्थिक वर्षको मुनाफाबाट लाभांश प्रस्ताव गरेको भए पनि राष्ट्र बैंकले रोकेको थियो ।

चालु आर्थिक वर्षमा पनि राष्ट्रिय स्तरका दुई विकास बैंकहरु मुक्तिनाथ विकास बैंक र ज्योति विकास बैंकले राष्ट्र बैंकको ६ प्रतिशत न्यूनतम् प्राथमिक पूँजी कोषमा र २.५ प्रतिशत क्यापिटल कन्भर्सेसन बफर गरी ८.५ प्रतिशत प्राथमिक पूँजीकोष पुर्याउन नसकेको देखिएको छ । नेपाल राष्ट्र बैंकको २०७९ पुस मसान्तको तथ्यांक अनुसार मुक्तिनाथ विकास बैंकको प्राथमिक पूँजीकोष ८.४४ प्रतिशत मात्रै रहेको छ । यस्तै चैत मसान्तमा बैंकको प्राथमिक पूँजीकोष ८.५१ प्रतिशत पुगेको छ । ज्योति विकास बैंकको पनि चैत मसातन्तमा ८.३९ प्रतिशत मात्रै रहेको राष्ट्र बैंकले जनाएको छ । पुसमा ८.७३ प्रतिशत प्राथमिक पूँजीकोष रहेको बैंकले चैत मसान्तमा राष्ट्र बैंकले तोकेको सीमाभन्दा तल झरेपछि बैंकले चालु आर्थिक वर्षको मुनाफाबाट आगामी आर्थिक वर्षमा लाभांश बाँड्न नपाउने भएको हो ।

क्षेत्रीय स्तरको कर्णाली विकास बैंकलाई भने समग्र पूँजीकोष व्यवस्थापन गर्न चुनौती देखिएको छ । क्यापिटल एड्युकेसी फ्रेमवर्क २००७ अनुसार बैंकले न्यूनतम् १० प्रतिशत कुल पूँजीको कायम गर्नुपर्नेमा चैत मसान्तमा बैंकको पूँजीकोष १०.२० प्रतिशत मात्रै रहेको राष्ट्र बैंकले जनाएको छ ।

**वाणिज्य बैंकलाई पनि चुनौती**

विगतदेखि नै प्राथमिक पूँजीकोषको दवाबमा रहेका वाणिज्य बैंकहरुलाई पनि पूँजीकोषको चुनौती कायम छ । राष्ट्र बैंकले प्रकाशित गरेको चैत मसान्तको तथ्यांकअनुसार जोखिम भारित सम्पत्तिमा सामान्य वृद्धि अथवा कर्जा असुलीमा समस्या भए सञ्चित नाफा ऋणात्मक बन्दा प्राथमिक पूँजीकोष नपुग्ने अवस्था छ ।

८.५ प्रतिशत न्यूनतम् प्राथमिक पूँजीकोष हुनेपर्नेमा चैत मसान्तमा प्रभु बैंकको ८.६१ प्रतिशत प्राथमिक पूँजीकोष हुँदा सिद्धार्थ बैंकको ८.९५ प्रतिशत, कुमारी बैंकको ९.०१ प्रतिशत, माछापुच्छ्रे बैंकको ८.७ प्रतिशत, एनआईसी एसिया बैंकको ८.८५ प्रतिशत प्राथमिक पूँजीकोष रहेको राष्ट्र बैंकले जनाएको छ । यी बैंकलाई कुनै ठूलो कर्जा नउठेर प्रोभिजनमा वृद्धि हुने अथवा जोखिम भारित सम्पत्तिमा सामान्य वृद्धि भएमा पनि प्राथमिक पूँजीकोष व्यवस्थापन गर्न समस्या छ । साथै बैंकलाई नयाँ कर्जा विस्तार गर्न पनि संयमित हुनुपर्ने अवस्था छ ।

**अर्को वर्षदेखि काउन्टर साइक्लिकल बफरको व्यवस्था**

राष्ट्र बैंकले आगामी १ साउनदेखि बैंकहरुलाई 'काउन्टर साइक्लिकल बफर' कार्यान्वयनमा लैजाने बताएको छ । जस अनुसार बैंकहरुले थप पूँजीकोष कायम गर्नुपर्ने भएकोले वाणिज्य बैंकहरुलाई पूँजीकोष व्यवस्थापन गर्न चुनौतीपूर्ण भएको हो ।

राष्ट्र बैंकले चालु आर्थिक वर्षको मौद्रिक नीति मार्फत काउन्टर साइक्लिकल बफर' को व्यवस्थालाई २०८० साउनदेखि कार्यान्वयनमा ल्याउने घोषणा गरेको हो । कर्जा विस्तार र अर्थतन्त्रको विस्तारलाई सँगै लैजान भन्दै 'काउन्टर साइक्लिकल बफर' कार्यान्वयनमा ल्याउने राष्ट्र बैंकले बताएको छ ।

कर्जा विस्तार उच्च भए पनि त्यसको प्रभाव अर्थतन्त्रमा नहुँदा अर्थतन्त्र असन्तुलन र वित्तीय स्थायित्वमा समेत दवाव पर्ने अवस्था भएको भन्दै केन्द्रीय बैंकले कर्जा विस्तारको आधारमा ०.५ प्रतिशतदेखि २.५ प्रतिशतसम्म थप पूँजीकोषको व्यवस्था गर्नेगरी 'काउन्टर साइक्लिकल बफर' कार्यान्वयन ल्याउन लागेको हो ।

अहिले नै प्राथमिक पूँजीकोषको दबाबमा रहेका बैंकहरुलाई १ साउनदेखि काउन्टर साइक्लिकल बफर लाग्ने हुँदा झनै दबाब हुने अवस्था आएको छ । पछिल्लो पाँच वर्षको कुल गार्हस्थ उत्पादन र कर्जा अनुपातको औसत निकालेर आगामी असार मसान्तमा कायम हुने कुल गार्हस्थ उत्पादन र कर्जाको अनुपात बीचको अन्तरको आधारमा काउन्टर साइक्लिकल बफर कार्यान्वयन गर्ने राष्ट्र बैंकले जारी गरेको एकीकृत निर्देशिकामा उल्लेख छ । क्यापिटल एडुकेसी फ्रेमवर्क २०१५ ले काउन्टर साइक्लिकल बफर कसरी कार्यान्वयन हुने भन्ने उल्लेख छ ।

राष्ट्र बैंकले जारी गरेको एकीकृत निर्देशन २०७९ अनुसार पछिल्लो ५ वर्षको जीडीपी र कर्जाको अनुपातको औसत तथा पछिल्लो वर्षको जीडीपी र कर्जा अनुपातबीचको अन्तर अनुसार ०.५ प्रतिशतदेखि २.५ प्रतिशतसम्म थप पूँजीको कायम गर्नुपर्ने हुन्छ ।

यस्तो अन्तर ५ अंकभन्दा कम भए थप पूँजी आवश्यक पर्दैन । ५ प्रतिशतदेखि ७.७ अंकसम्म अन्तर भए थप ०.५ प्रतिशत पूँजीकोष कायम गर्नुपर्ने हुन्छ । यस्तै उक्त अन्तर ७.५ देखि १० अंकसम्म भए थप १ प्रतिशत पूँजीकोष कायम गर्नुपर्ने हुन्छ । उक्त अन्तर १० देखि १२.५ अंकसम्म भए १.५ प्रतिशत थप पूँजीकोष कायम गर्नुपर्छ भने १२.५ अंकदेखि १५ अंकसम्म अन्तर भए २ प्रतिशत थप पूँजीकोष कायम गर्नुपर्ने हुन्छ ।

उक्त अन्तर १५ अंकभन्दा माथि हुँदा २.५ प्रतिशत पूँजीकोष कायम गर्नुपर्ने व्यवस्था राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाका लागि जारी गरेको एकीकृत निर्देशिकामा छ ।

**बैंकहरुलाई कति थप पूँजीकोष चाहिएला ?**

चालु आर्थिक वर्ष ०७९/८० को कुल गार्हस्थ उत्पादन ५३ खर्ब ८१ अर्ब पुग्ने अनुमान केन्द्रीय तथ्यांक कार्यालयले गरिसकेको छ । राष्ट्र बैंकको चैत मसान्तको तथ्यांकअनुसार चालु आबको अनुमानित कुल गार्हस्थ उत्पादनको तुलनामा कर्जाको अनुपात ९०.८५ प्रतिशत पुगेको छ । असार मसान्तसम्म कर्जा विस्तार केही माथि पुग्ने हुँदा कुल गार्हस्थ उत्पादनको अनुपातमा निजी क्षेत्रमा प्रवाह हुने कर्जा केही बढ्दा उक्त अनुपात केही माथि जान्छ ।

२०७५ असार मसान्तमा उक्त अनुपात ७०.७ प्रतिशत रहेकोमा ०७६ असारमा ७५.४ प्रतिशत, ०७७ असारमा ८४.३ प्रतिशत र ०७८ असारमा ९५.१ प्रतिशत पुगेको थियो । यस्तै २०७९ असारमा यस्तो अनुपात ९५ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा कर्जा विस्तार न्यून हुँदा करिब ९३ प्रतिशत हुने अवस्था देखिन्छ ।

यस्तै यस आधारमा ५ वर्षको जीडीपी तुलनामा कर्जाको अनुपातको पछिल्लो ५ वर्षको औसत ८८.६ प्रतिशत हुने देखिन्छ । यदि असारमा निजी क्षेत्रमा प्रवाह हुने कर्जा कुल गार्हस्थ उत्पादनको ९३ प्रतिशत कायम भएमा ५ वर्षको औसत र असारको अनुपात बीचको अन्तर ४.४ प्रतिशत हुन जान्छ । राष्ट्र बैंकको एकीकृत निर्देशिका अनुसार यस्तो अन्तर ५ प्रतिशत भन्दा कम हुँदा थप पूँजीकोष चाहिंदैन । तर, ५ प्रतिशत भन्दा माथि पुग्नासाथ ०.५ प्रतिशत थप पूँजीकोष कायम गर्नुपर्ने हुन्छ ।

पछिल्लो समय बैंकहरुमा बढ्दै गएको निष्क्रिय कर्जा अनुपातका कारण बैकहरु थप दबाबमा छन् । निष्क्रिय कर्जा बढ्दै गएको बेला थप पूँजीकोष कायम गर्नुपर्दा आगामी दिनमा कर्जा विस्तार गर्न समस्या हुने बैंकरहरु बताउँछन् । राष्ट्र बैंकले काउन्टर साइक्लिकल बफर अन्तर्गतको थप पूँजीकोष प्राथमिक पूँजी 'टियर १ क्यापिटल' बाटै कायम गर्नुपर्ने व्यवस्था गरेको छ ।

राष्ट्र बैंकले ६ प्रतिशत प्राथमिक पूँजी र २.५ प्रतिशत क्यापिटल कन्जर्भेसन बफरसहित ८.५ प्रतिशत प्राथमिक पूँजी हुनुपर्ने व्यवस्था गरेको छ । यस्तै, २.५ प्रतिशत पूरक पूँजीको रुपमा ऋणपत्र लगायत उपकरणमार्फत व्यवस्थापन गर्न सकिने व्यवस्था छ ।

काउन्टर साइक्लिकल बफर कार्यान्वयनमा आएर प्राथमिक पूँजी कोषबाट थप ०.५ प्रतिशत मात्र थप पूँजी कायम गर्नुपर्ने भए आधा दर्जनभन्दा बढी बैंक कर्जा विस्तार गर्न नसक्ने अवस्थामा पुग्नसक्ने देखिन्छ । सीडी रेसियो सहज अवस्थामा भएको आधा दर्जन बैंक पूँजीकोषको कारण कर्जा लगानी गर्न नसक्ने अवस्थामा छन् ।

अहिले ९ प्रतिशत वा सोभन्दा कम प्राथमिक पूँजीकोष भएका बैंकहरुलाई ०.५ प्रतिशत मात्रै पूँजीकोष काय गर्नुपर्ने अवस्थामा पनि कर्जा विस्तार गर्न मुस्किल हुने देखिन्छ ।

*(स्रोत:अनलाइनखबर)*

# काभ्रेमा 'दिमाग खराब'को धमाधम छायांकन हुँदै



काठमाडौं/निर्देशक निश्चल बस्नेतको कमब्याक निर्देशनको फिल्म 'दिमाग खराब'लाई लिएर यतिबेला व्यस्त छन् । काभ्रेको पाँचखाल क्षेत्रमा दुई सातादेखि धमाधम छायांकन भइरहेको छ । ग्रामीण सेटिङमा छायांकन भइरहेको फिल्मको सेटमा स्वस्तिमा खड्कासहितका कलाकार देख्न सकिन्छ ।

फिल्मलाई सुसन प्रजापतिले खिचिरहेका छन् । ४० दिनको छायांकन सेड्युलमा काम भइरहेको फिल्ममा स्वस्तिमासहित दयाहाङ राई, खगेन्द्र लामिछाने, अर्पण थापा र विजय बराल पनि शीर्ष भूमिकामा छन् ।

२०७४ सालमा रिलिज भएको 'लुट'को दोस्रो शृंखलापछि निर्देशनमा बस्नेतको यो पुनरागमन हो । 'दिमाग खराब' स्वस्तिमा र निश्चलबीचको पहिलो सहकार्य फिचर फिल्म समेत हुनेछ । यी दुईले 'घामड शेरे' र केही म्युजिक भिडियोमा सहकार्य गरेका छन् । ब्ल्याक हर्स पिक्चर्स र सिनेमा आर्टको ब्यानरमा फिल्म निर्माण सुरु भएको हो । फिल्मलाई कात्तिक २४ गते रिलिज हुँदैछ ।

# बागमतीलाई पराजित गर्दै कर्णाली महेन्द्र नारायण निधी टी-२० क्रिकेटको फाइनलमा



जनकपुरधाम/बागमती प्रदेशलाई ३ रनले पराजित गर्दै कर्णाली प्रदेश महेन्द्र नारायण निधी टी-२० क्रिकेट प्रतियोगिताको फाइनल प्रवेश गरेको छ । राम जानकी क्रिकेट मैदानमा जितको लागि १२० रनको मध्यम विजयी लक्ष्य पछ्याएको बागमती प्रदेश २० ओभरमा ११६ रनमा अल आउट भयो ।

बागमतीलाई जितका लागि अन्तिम बलमा ४ रन चाहिएको अवस्थामा प्रकाश जैशीले रिजन ढकाललाई क्लिन बोल्ड गर्दै टिमलाई ३ रनको रोमाञ्चक जित दिलाए । बागमतीका गौतम केसीले १६ बलमा २ चौका र ३ छक्कासहित ३२ रन जोडे । रित गौतम ३८ बलमा २ छक्कासहित ३३ र इशान पाण्डे नक आउट भए ।

कर्णालीको जितमा प्रकाश जैसीले २ ओभरमा १७ रन खर्चेर ४ विकेट लिए । दिनेश अधिकारीले ४ ओभरमा २४ रन खर्चेर ३ विकेट लिए । दिवान पुन, युनिस सिंह र अनुज चनाराले एक एक विकेट लिए ।

त्यसअघि, टस जितेर ब्याटिङ गरेको कर्णालीले निर्धारित २० ओभरमा ५ विकेट गुमाउँदै ११९ रन बनाएको थियो । कर्णालीका हिमान्शु शाहीले ४१ बलमा ४ चौकासहित ३९ रनको महत्वपूर्ण अविजित इनिङ खेले ।

प्रकाश जैशी ११ बलमा १ चौका र १ छक्कासहित १८ रनमा नटआउट रहे । कप्तान रविन्द्रजंग शाही २१ बलमा ३ चौकासहित १८ रन, दीपेन्द्र रावत ४ रन, निश्चल रावल ७ रन, अर्जुन घर्ती ४ र विपिन रावल १३ रनमा आउट भए । बागमतीका लागि कृजन गुरुङले सर्वाधिक दुई विकेट लिए । तिलक भण्डारी, गौतम केसी र दीपेश श्रेष्ठले समान एक विकेट लिए ।

७ प्रदेश सहभागी प्रतियोगितामा कर्णालीले लगातार पाँच खेल जित्दै फाइनलमा स्थान बनाएको हो । ६ खेलमा ५ जित र १ मा हार बेहोरेको कर्णाली शीर्ष स्थानमा छ । मधेश ६ खेलमा ४ मा जित र २ मा हारसहित ८ अंकका साथ दोस्रो स्थानमा छ ।

सुदूरपश्चिम ५ खेलमा ४ मा जित र १ मा हारसहित तेस्रो स्थानमा छ । सुदूरले अन्तिम खेल बिहीबार कोशी प्रदेशसँग खेल्नेछ । उक्त खेलमा सुदूर विजयी भएमा फाइनल खेल्नेछ । यदि सुदूर पराजित भएमा फाइनलमा शुक्रबार मधेशले प्रतिस्पर्धा गर्नेछ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# अझै ५ दिन गर्मी बढ्ने अनुमान, घर बाहिर ननिस्किन सुझाव

काठमाडौं/देशभर बढ्दो गर्मी तत्काल रोकिने संकेत नरहेको जल तथा मौसम विज्ञान विभागको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

महाशाखाले बुधबार विशेष बुलेटिन सार्वजनिक गर्दै तराईका भूभागमा आगामी पाँच दिनसम्म तातो हावा तथा लु लाग्ने सम्भावना रहेको भन्दै अत्यावश्यक कामबाहेक घर बाहिर ननिस्किन सुझावसमेत दिएको छ ।

महाशाखाका अनुसार अधिकतम र न्यूनतम तापक्रम क्रमिक रुपमा बढ्ने हुँदा तराई मधेशका जिल्लाहरुमा तातो हावा तथा लूको सम्भावना छ । त्यसैले त्यसबाट बच्न सतर्कता अपनाउन जरुरी छ ।

महाशाखाका मौसमविद गोविन्द झाका अनुसार हालको तल्लो र उपल्लो वायुमण्डलको अध्ययन गर्दा तत्काल मनसुन भित्रिने सम्भावना छैन र तराई, पहाड तथा खोँचहरुमा समेत अझै तापक्रम वृद्धि हुने पूर्वानुमान छ ।

**नवलपुरको दुम्कौलीको तापक्रम ४३.८ डिग्री सेल्सियस**

बुधबार सबैभन्दा बढी गर्मी नवलपुरको दुम्कौलीमा महसुस भएको छ । दुम्कौलीमा बुधबार अधिकतम तापक्रम ४३.८ डिग्री सेल्सियस मापन गरिएको छ । दुम्कौलीको अधिकत तापक्रम जेठ २२ गते पनि ४३.८ डिग्री सेल्सियस थियो ।

यस्तै जेठ १८ गते रौतहटको गौरमा ४३.८ डिग्री सेल्सियस तापक्रम मापन भएको थियो ।

तराई मधेशका अधिकांश जिल्लामा अत्यधिक गर्मीले जनजीवन प्रभावित भएको छ । पूर्व, मध्य र पश्चिम तराईका जिल्लामा अधिकतम तापक्रम ४० डिग्री सेल्सियस वा सोभन्दा पनि माथि पुगेको रेकर्ड छ । गर्मी अत्यधिक बढेपछि तराई मधेशका जिल्लाहरुमा विद्यालय बन्द गरिएको छ ।

यसअघि नै जल तथा मौसम विज्ञान विभागले यस वर्ष सरदरभन्दा बढी गर्मी हुने र मनसुन अवधिमा कम पानी पर्ने प्रक्षेपण सार्वजनिक गरेको थियो । विभाग मातहतको महाशाखाले आज विशेष बुलेटिन जारी गर्दै बढ्दो गर्मीका कारण मानव स्वास्थ्यमा पर्नसक्ने असर र त्यसबाट जोगिने उपायहरु समेत सुझाएको छ ।

साझाकुरा
"तपाई, हामी सबैको कुरा"
कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।
हामी तपाईहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।
प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत
साझाकुरा
राष्ट्रिय दैनिक

वेबसाइटमा संसारभरबाट पढ्न सकिनन्छ।
www.sajhakuranews.com

# दुग्ध विकास बोर्ड खारेज नगर्न सरकारलाई अनुरोध

साझाकुरा संवाददाता

हेटौंडा, २४ जेठ/सरकारले बिनाअध्ययन राष्ट्रिय दुग्ध विकास बोर्डलाई आगामी आर्थिक बर्षदेखि खारेजी गर्ने प्रस्ताव बजेट भाषणमार्फत गरेको भन्दै विरोध सुरु भएको छ ।

बोर्डलाई खारेजी नगर्न केन्द्रीय दुग्ध सहकारी संघको नेतृत्वमा दुग्ध क्षेत्रमा क्रियाशील संघसंस्थाले सरकारलाई अनुरोध गरेका छन् । मंगलबार केन्द्रीय दुग्ध सहकारी संघ लगायत दुग्ध क्षेत्रमा क्रियाशील संघ संस्थाहरु नेपाल डेरी एशोसिएसन, डेरी उद्योग संघ, केन्द्रीय पशुपन्छी तथा मत्स्य सहकारी संघ, नेपाल भेटेरिनरी एसोसिएसन, नेपाल एनिमल साइन्स एसोसिएसनले रिपोर्टस् क्लबमा पत्रकार सम्मेलन अयोजना गरी बोर्डलाई व्यवस्थित तरिकाले सञ्चालन गर्नुपर्ने अवस्थामा बोर्डकै खारेजीको प्रस्ताव गरी समग्र दुग्ध क्षेत्रलाई नै धरासायी बनाउन गरिएको निर्णयप्रति आपत्ति जनाएको छ ।

संघलगायत दुग्ध क्षेत्रमा क्रियाशील संघ संस्थाहरुले राष्ट्रिय दुग्ध विकास बोर्ड यथावत् अवस्थामा कायम गरी सञ्चालन गर्न नेपाल सरकारलाई अनुरोध गरेको छ ।




पत्रकार सम्मेलन पश्चात संयुक्त रुपमा एक विज्ञप्ती जारी गर्दै राष्ट्रिय दुग्ध विकास बोर्डभित्र सरकार, सहकारी, कृषक, उद्योग र उपभोक्ता समेतको सहभागिता रहेको तथा कृषकको उन्नति र उत्पादन बृद्धिलगायत दुग्धक्षेत्र विकास र बृद्धिमा छलफल गर्ने निकाय भएको तथा अन्तर्राष्ट्रियस्तरमा बोर्डले प्रभावकारी काम गरिरहेको अवस्थामा बोर्डको विघटनले देशमा रहेका दुग्ध क्षेत्रका कृषक सहकारी, उद्योगी, संघसंस्था मर्माहत भएको जानकारी गराउँदै राष्ट्रिय दुग्ध विकास बोर्ड कृषक, दुग्ध उद्योग र सहकारी संस्थाहरुका लागि अपरि हार्य भएको हुँदा बोर्ड खारेज नगर्न अनुरोध गरिएको हो ।

विज्ञप्तीमा दुग्ध क्षेत्रको नीतिनिर्माण गर्न, दूधको मूल्य निर्धारण गर्न, दुग्ध उत्पादक र उद्योगीबीच समन्वय गराउन र दुग्धक्षेत्रको अध्ययन, विश्लेषण गर्ने बोर्डले यस क्षेत्रको विकास, प्रवर्द्धन गरेको हुँदा बोर्डको आवश्यक्ता भएको उल्लेख छ । साथै नेपाल सरकारलाई संघका साथै अन्य सरोकारवाला निकायले बोर्डको आवश्यकताका लागि दिइएको सुझाव बेवास्ता गर्दै यस क्षेत्रको अध्ययन नगरी जेठ १५ गतेको बजेट नीति तथा कार्यक्रममा बोर्ड खारेजको प्रस्तावप्रति आपत्ति जनाएको छ ।

सरकारले राष्ट्रिय दुग्ध विकास बोर्डलाई खारेजी गर्दा नेपालमा रहेका १ हजार ८ सय ७२ दुग्ध उत्पादक सहकारी संस्थाद्वारा ६ लाख परिवारको दूध संकलन गर्दै दैनिक करिव १२ लाख लिटर दूध उत्पादन गरी दैनिक ६ करोडको हाराहारीमा शहरको पुँजी गाउँ पुऱ्याई विपन्न किसानको आयआर्जनमा टेवा पुऱ्याउने कार्यमा प्रत्यक्ष असर पर्ने विज्ञप्तीमा उल्लेख गरिएको छ ।

दुग्ध उत्पादक सहकारी संस्था कृषकहरु आफैंले गठन गरी दूध संकलन गरिरहेको र वैदेशिक रोजगारमा गएका युवा पनि हाल दुग्ध उत्पादन पेशामा लागिरहेको अवस्थामा दुग्ध उत्पादन पेशालाई धरासायी नबनाइ देशलाई दूध तथा दुग्धजन्य पदार्थमा आत्मनिर्भर बनाउन प्रचुर मात्रामा रहेको दूध विदेशमा समेत निर्यात गर्नसक्ने अवस्थामा रहेको र हाल दूधबाट बनेका छुर्पी र घ्युसमेत वाह्य मुलुकमा निर्यात भइरहेको अवस्थामा राष्ट्रिय दुग्ध विकास बोर्डलाई निरन्तरता दिन केन्द्रीय दुग्ध सहकारी संघका अध्यक्ष अम्बरबहादुर कुवँरले सरकारलाई आग्रह गरे ।

# बागमती प्रदेश प्रहरीमा चारहजार मुद्दा

साझाकुरा संवाददाता

हेटौंडा, २४ जेठ/बागमती प्रदेश प्रहरी कार्यालयले अपराधिक गतिबिधितर्फ ४ हजार ५४ वटा मुद्दा दर्ता गरेका छ । अपराधसम्बन्धी मुद्दा अन्तरगत सबै भन्दा बढी आत्महत्यामा ७ सय ९४ मुद्दा दर्ता भएको कार्यालयले जनाएको छ ।

बागमती प्रदेश प्रहरी कार्यालयले बुधबार पत्रकार भेटघाटमा चालू वर्षको प्रगति विवरण सार्वजनिक गर्दै यो तथ्यांक सार्वजनिक गरेको हो । कार्यालयका प्रहरी वरिष्ठउपरीक्षक एंव प्रवक्ता दीपक रेग्मीले प्रगति विवरण सार्वजनिक गरेका थिए ।

तथ्याङ्क अनुसार लागूऔषधमा ३ सय २२, चोरीमा २ सय ५९, जबरजस्ती करणीमा २ सय २४, सवारी ज्यानमा २ सय ८ मुद्दा दर्ता भएको जानकारी दिए । रेग्मीका अनुसार ज्यान मार्ने उद्योगमा ६३, जबरजस्ती करणी उद्योगमा ५९, ठगी ५७, कर्तव्यज्यान अन्तर्गत ३६, जुवातासमा ३३ र अन्य शीर्षकमा एक हजार ९ सय ३४ मुद्दा दर्ता भएको हो ।

प्रगति विवरण सार्वजनिक गर्दै प्रदेश प्रहरी कार्यालय हेटौंडाका प्रमुख डिआइजी किरण राणाले



प्रहरीको सुरक्षामा सुधार ल्याउन आफूले नयाँ कन्सेप्ट लिएर जिल्लामा स्मार्ट कन्ट्रोल रुम निर्माणमा लागिपरेको जानकारी दिइन् ।

स्मार्ट कन्ट्रोल रुम चालु आवमा नै निर्माण सम्पन्न गरी सुचारु गर्ने तयारीमा रहेको उनले बताइन् । सञ्चारकर्मीसँगको अन्तरक्रियामा उनले अपराध नियन्त्रणमा कुनैपनि कसर बाँकी नराख्ने बताइन् ।

कार्यालय आन्तरिक शुद्धीकरणदेखि अपराध नियन्त्रणको अभियानमा रहेको बताउँदै राणाले भनिन् 'लागूऔषध नियन्त्रण, प्रदेशभित्रका फरार अपराधी पक्राउमा तीव्रता, सबै किसिमको तस्करी नियन्त्रण, अवैध प्राकृतिक स्रोतसाधनको दोहनलाई पूर्णरुपमा निषेध, प्रहरी जनशक्ति सुदृढिकरण एंव शुन्यसहनशीलाको नीति अवलम्बन गर्ने लगायतका योजना रहेको छ ।'

संगठनमा कतिपय व्यक्तिबाट गल्ती हुने गरेकोमा संगठन शुद्धीकरण गरेर जानुपर्छ डिआइजी राणाले भनिन्-मकवानपुरमा गाँजाको खेती तथा ओसारपसार अत्यधिक मात्रामा हुने गरेकोले त्यसको व्यवस्थापनमा लागिपरेका छौं ।'

आफूले गाँजा न्युनीकरणका लागि आन्तरिक मन्त्रालयका मन्त्री र मुख्यमन्त्रीसँग छलफल गरेको र व्यवस्थापन गरेर अगाडि बढ्ने प्रतिवद्धता समेत उनले जनाइन् । प्रदेश प्रहरी कार्यालयको उपत्यकाका ३ जिल्ला बाहेक प्रदेशका १० जिल्ला कार्यक्षेत्र रहेको छ ।

# कर्मचारीले उत्कृष्ठ काम गरेर उपलब्धी निकालेका छौं

साझाकुरा संवाददाता

हेटौंडा, २४ जेठ/मकवानपुरको बागमती गाउँपालिकाका कार्यकारी अधिकृत झम्कनारायण घलानले पालिकाको कर्मचारीले उत्कृष्ठ काम गरेर उपलब्धी निकालेको बताएका छन् । उनले कर्मचारी अभाब हुँदा पनि उपलब्ध कर्मचारी अतिरिक्त कार्यसमयमा पनि काम गरेर उपलब्धी निकाल्ने गरेको बताए ।

बिषयगत शाखाका कर्मचारीहरु किसान र सेवाग्राहीको घरघरमा पुगेर काम गरिरहेको कारण कार्यालयमा कर्मचारी कम हुने बताउँदै भ्रामक र नियोजित सामग्री प्रचारप्रसार गरेर आफूहरुको सेवा र कर्मप्रति आक्षेप नलगाउन समेत उनले सुझाए । एकमहिनामा १ दिन मात्र बिदा स्वीकृत गराएर आफू ब्यक्तिगत कामले पालिका बाहिर भएको अबस्थामा केही संचारकर्मीले कार्यालय प्रबेश गरेर गरेको गतिबिधिप्रति उनले असन्तुष्ट ब्यक्त गरे ।

घलानले भने 'कृषि शाखामा धानको बीऊ बितरण भइरहेको थियो भने अर्कोतिर शिक्षा शाखामा तालिम संचालन भइरहेको थियो । कर्मचारीले आग्रह गर्दापनि उहाँहरुले त्यसतर्फ ध्यान नदिँदै मेरो र अध्यक्षज्युको कार्यकक्षको भिडियो खिचेर जानुभएछ ।'

उनले थपे 'त्यो दिन हामी जम्मा २ जना कर्मचारी बिदामा थियौं बाँकी सबै काममा नै हुनुहुन्थ्यो उहाँले नदेख्नु नियोजित लागेको छ भने अर्को कुरा हाम्रो नापीको काम भइरहेको छ, किसानको घरगोठमा कृषि प्राबिधिकहरु खोप लगाउने काममा ब्यस्त हुनुहुन्छ उहाँहरुलाई काम छोडेर घन्टौं लगाएर हाजिर गर्नको लागि बोलाउने कुरो पनि भएन ब्यबहारिकता पनि त हेर्नुपऱ्यो ।'

उनले कार्यक्षेत्रमा नै गएर काम भैरहेको हो वा घुम्ने कर्मचारीले काम नगरेका हुन् ? भनेर सत्यतथ्य बाहिर ल्याइदिन पनि आग्रह गरे । त्यसैगरी बामगती गाउँपालिकाकी कर्मचारी भूमिको सम्पर्क ब्यक्ति नीशा ढुंगानाले आफू १० मिनेट ढिला आइपुगेको कारण संचारकर्मीले हाजिर गर्न नदिएको भन्दै आक्रोश ब्यक्त गरिन् । ढुँगानाले 'हामी १० मिनेट ढिला आएको कारण पालिकामा कर्मचारीको मन्लाग्दी भयो काम गरेन भन्ने पत्रकारले अतिरिक्त सेवा सुबिधाबिना रातको १० बजेसम्म खटेको समाचार लेख्ने कि नलेख्ने ?' उनले सुनियोजितरुपमा सेवाग्राही बनाएर उहाँको भिडियो सार्बजनिक गरिँदा अन्य सेवाग्राहीले बोलेको भिडियो सन्तुलनको लागि हाल्नुपर्ने समेत बताइन् ।

गाउँपालिकाले २ जना बिदामा भएको र बाँकी कर्मचारी कार्यालयमा नै हुँदा सुनियोजितरुपले भिडियो बनाएर कर्मचारीको मनोबलमा ह्रास ल्याएको आरोप समेत लगाएको छ । साथै उक्त भिडियो खिचिरहँदा कार्यालयको पूर्वतिर कृषि शाखा र उत्तरतिर शिक्षा शाखाले गरिरहेको कामको बेवास्ता गर्दै भ्रामक समाचार बनाइएको बताएको छ ।

# र्‍यापस्टार सफललाई भोट दिन आग्रह

साझाकुरा संवाददाता

हेटौंडा, २४ जेठ/मकवानपुरको थाहा नगरपालिका वडा नं. २ फाँटबजारका १९ वर्षीय सफल विष्टले र्‍याप स्टारबाट नेपालकै नाम चिनाउँदै छन् । ७ हजार प्रतिष्पर्धीलाई पछि पार्दै उनी अन्ततः फाइनलमा प्रवेश गरेका छन् । आगामी २८ जेठमा हुने फाइनल चरणमा उनको अन्तिम र्‍याप स्टार परीक्षा हुँदैछ ।

नामै सफल अर्थात् सफल विष्ट । सानैदेखि र्‍याप गायनमा शौखिन सफललाई र्‍याप दुनियाँमा 'विसफ' को नामले चिनिन्छ । ओएसआर रियालिटी युट्युब च्यानलबाट प्रशारण हुँदै आएको र्‍याप स्टार रियालिटी शोमा सफल अहिलेसम्म सफल छन् । यो कार्यक्रम शनिबार र आइतबार स्पेस फोरके टेलिभिजनबाट पनि प्रशारण हुन्छ ।

आदित्य विक्रम अछामीको निर्देशनमा बनेको रियालिटी सोमा गिरिश खतिवडा, मिस्टर डी (सन्दीप विष्ट), एजे (अभिजीत भण्डारी) निर्णायक छन् । निर्णायकले सफलको खुलेर प्रशंसा गरिरहेका छन् । सफलका बुवा राधाकृष्ण विष्ट भन्छन्, 'निर्णायकहरुले सफलमा छुट्टै 'इनर्जी' पाएका छन्, र्‍यापका मान्यताहरुले सफल सफल नै हुन्छन् तर त्यतिले मात्र र्‍याप स्टार बन्ने ढोका नखुल्न सक्छ किनकि त्यहाँ भोटिङको पनि कुरा हुन्छ ।'

भोटिङमा सहयोगीहरुको हात आवश्यक भएकोले सफललाई र्‍याप स्टारको रुपमा देख्न पाएर थाहा र मकवानपुरको नाम राख्न अहिले भोटिङ अभियान नै सञ्चालन गरिरहेको विष्ट बताउँछन् । 'सफललाई भोट



गर्नेहरु बढिरहेका छन्, सकेसम्म सबैको सहयोगको अपेक्षा गरेको छु,' उनले भने ।

सफल अहिले थाहानगर मै छन् । आफन्त र साथीहरुसँग मिलेर भोटको अपिल गर्दै उनी यहाँका विभिन्न स्कूल, कलेज तथा संघसंस्थामा पुगिरहेका छन् । बुधबार उनले हिमालयन इंगलिस बोर्डिङ स्कूल, जनकल्याण मावि, पालुङ मोडर्न इंगलिस स्कूल, पालुङ इंगलिस स्कूल लगायत विद्यालयमा पुगेर भोटको अपिल गरेको श्रीकृष्ण विष्टले बताए ।

सफललाई भोट गर्नका लागि मोवाइल फोनमा गुगल प्ले स्टोरबाट ओएसआर कनेक्ट एप डाउनलोड गर्नुपर्छ । एप खुलेपछि शोजमा क्लिक गरेपछि र्‍याप स्टारमा गएर भोट नाउमा क्लिक गर्नुपर्छ । त्यसपछि फाइनलमा पुगेका प्रतिस्पर्धीको फोटो देखिन्छ । अन्तिममा सफलको फोटो रहेको छ जहाँ भोट नाउमा क्लिक गरेर भोट गर्न सकिन्छ । २८ जेठ दिउँसो १ बजेसम्म भोटिङ खुल्ला रहने आयोजकले जनाएको छ ।

# गोरक्षनाथमा स्काउट क्याम्पफायर

साझाकुरा संवाददाता

हेटौंडा, २४ जेठ/हेटौंडा-१८ स्थित गोरक्षनाथ माविको प्राङ्गणमा आगामी जेठ २६ देखि २८ गतेसम्म (दुई रात तीन दिनको) स्काउट क्याम्प नेपाल स्काउट, हेटौंडा उपमहानगर स्काउट समितिको आयोजना तथा हेटौंडा उपमहानगरपालिकाको आर्थिक सहयोगमा हुन लागेको छ ।

हेटौंडा उपमहानगर पालिकाको आर्थिक सहयोय र नेपाल स्काउट, स्थानीय स्काउट कार्यालय हेटौंडा उपमहानगरपालिका समितिद्वारा आयोजित प्रथम हेटौंडा स्काउट क्याम्प २०८० को तयारी अन्तिम चरणमा पुगेको कार्यक्रम संयोजक दीपेन्द्र रोक्काले जानकारी दिएका छन् । कार्यक्रममा स्काउटहरुले ओमेगा जम्प, सुपर म्यान जम्प,टायर क्रसिङ, मंकी ब्रिज क्रसिङ, कमान्डो ब्रिज क्रसिङ लगायत स्काउटिङ गतिविधिमा सहभागिता जनाउने छन् । क्याम्पमा निबन्ध प्रतियोगिता, नृत्य प्रतियोगिता, क्याम्प सजावट प्रतियोगिता रहने छ ।

क्याम्प सञ्चालनका लागि १० लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ । जसमध्ये ८ लाख हेटौंडा उपमहानगरपालिकाले व्यहोर्ने छ भने बाँकी अन्य सहयोगी दाताहरुको सहयोग र हेटौंडा उपमहानगर समितिले व्यहोर्ने छ । स्काउटहरुले सांस्कृतिक कार्यक्रम, क्याम्प फायर, धार्मिकसभा, गुम्बाडाँडा स्थित मूर्ति संग्रहालय अवलोकन तथा एकदिने हाइक कार्यक्रमलगायत अतिरिक्त क्रियाकलापमा सहभागिता जनाउनेछन् ।

स्काउटिङको मूलभूत उदेश्यको रुपमा 'अनौपचारिक शिक्षाको माध्यमबाट यूवा तथा बालबालिकाको शारीरिक, बौद्धिक, सामाजिक, संवेगात्मक/आध्यात्मिक विकास गराई उनीहरुमा अन्तर निहीत क्षमताको अभिवृद्धि गर्दै देश विकासमा योगदान दिनसक्ने नागरिक तयारगर्ने' रहेको र त्यसै अनुरुप सैद्धान्तिक र प्रयोगात्मक क्रियाकलापमा संलग्न गराइन्छ ।

क्याम्पमा विद्यार्थीलाई विपद्व्यवस्थापन तालिम, प्राथमिक उपचार तालिम, वातावरण संरक्षणसम्बन्धी तालिम समेत दिने व्यवस्था मिलाइएको छ । तीन दिनसम्म चल्ने आवासीय क्याम्पमा स्काउटिङ गतिविधि अन्तर्गत विभिन्न बेसहरु बनाउनका लागि जिल्लामा भएका रोभर/रेन्जर क्रीयूका भाइबहिनीहरुका तथा स्काउट मास्टरहरुले सहयोग गर्दैछन् ।

स्थानीय पालिकामा स्काउटको माध्यमबाट पालिकाका यूवा तथा बालबालिकाको सर्वाङ्गिण विकास गरी देश विकासमा अग्रसर असल नागरिक बनाउने उद्देश्यले तीन दिनसम्म चल्ने स्काउट क्याम्पमा नगरभित्रका २५ भन्दा बढी सामुदायिक तथा संस्थागत विद्यालयहरुका ४०० भन्दा बढी स्काउट विद्यार्थीको सहभागिता रहनेछ । क्याम्पका लागि जिल्लाका अन्य गाउँपालिकामा रहेका विद्यालयका स्काउटको समेत सहभागिता रहनेछ ।

नेपाल स्काउट, विश्व स्काउट संगठनको अधारभूत सिद्धान्त, मूल्यमान्यता, नीति-नियम तथा प्रणालीका अधारमा नेपाल स्काउटको ऐन, नियमावली बमोजिम स्थानीय पालिका प्रमुख, स्थानीय स्काउटको संरक्षक तथा स्थानीय स्काउटको प्रमुख स्काउट हुने व्यवस्था रहेको छ ।

# मापदण्ड पुगेका पत्रकारलाई सदस्यता दिन फोनिजको आग्रह

हेटौंडा, २४ जेठ/नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) मकवानपुर शाखाले नेपाल पत्रकार महासंघको सदस्यता शुद्धीकरणको क्रममा मापदण्ड पुगेका सबै पत्रकारलाई सदस्य हुनबाट बञ्चित नगराउन आग्रह गरेको छ ।

फोनिज मकवानपुरका अध्यक्ष अशोकसुजन श्रेष्ठले बुधबार प्रेस विज्ञप्ती जारी गर्दै नेपाल पत्रकार महासंघको सदस्यता मापदण्ड पुगेका पत्रकारलाई विनासर्त सदस्यता दिन र मापदण्ड नपुगेका कुनैपनि पत्रकार लाई सदस्यता नदिन आग्रह गरेका छन् । 'नेपाली पत्रकारहरुको साझा संस्था नेपाल पत्रकार महासंघले देशैभर सदस्यता शुद्धीकरण अभियान संचालन गरिरहेको छ, सदस्यता शुद्धीकरण अभियानप्रति फोनिज मकवानपुर विशेष धन्यवाद व्यक्त गर्दछ,' विज्ञप्तीमा उल्लेख छ, ।

'तर गर्वीलो ईतिहास बोकेको नेपाल पत्रकार महासंघको सदस्यता शुद्धीकरणको क्रममा मापदण्ड पुगेका आदिवासी जनजाति लगायत कुनैपनि पत्रकारलाई महासंघको सदस्य हुनबाट बञ्चित नगराउन तथा मापदण्ड विपरित कुनैपनि पत्रकारलाई सदस्यता प्रदान नगर्न नेपाल पत्रकार महासंघको जिल्ला शाखा मकवानपुर, बागमती प्रदेश समिति र संघीय (केन्द्रीय) समितिलाई फोनिज मकवानपुर हार्दिक आग्रह गर्दछौ ।',

## चितलाङ-चन्द्रागगिरीको मार्ग एक साताका लागि बन्द

हेटौंडा, २४ जेठ/गणेशमान सिंह मार्ग थानकोट-चित्लाङ सडकखण्डमा कालोपत्रे गरिने भएको छ । सो सडक मार्गको मकवानपुर तर्फ थाहा नगरपालिका वडा नं. ९ को याकाखुसीदेखि ठुलोचौरसम्मको क्षेत्र कालोपत्रेको तयारी भएको बताइएको छ । कालोपत्रे गर्नका लागि बिहीबारबाट एकसाताका लागि सडकमा आवागमन बन्द गर्ने निर्णय भएको छ ।


सडक कालोपत्रेका लागि यो सडक खण्डमा एक साताका लागि सवारी साधनको आवागमन बन्द गरिने थाहा नगरपालिका वडा नं. ९ को कार्यालयले जनाएको छ । सो सडकमा अति आवश्यक सवारी साधन भने सञ्चालन हुने वडा कार्यालयले जनाएको छ ।

## मोटरसाइकल हरायो

निम्न व्यहोराको मोटरसाइकल २०८० साल जेठ २२ गते हेटौंडा-१६ हटियास्थित आफ्नै निवासमा पार्किङ्ग गरिरहेको अवस्थाबाट रातको अं. ११:३० बजेको समयमा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न फोन नम्बरमा खबर गरिदिनु हुन अनुरोध गरिन्छ ।

**मोटरसाइकल नम्बर:** प्रदेश नं. ३-०३-००१ प ३३८
**मोटरसाइकल धनीको नाम:** राज कुमार घिमिरे विश्वकर्मा हेटौंडा-१६, मकवानपुर
**मोटसाइकलको ब्राण्ड (नाम):** बजाज पल्सर, २२० सीसी
**मोटरसाइकलको रंग:** कालो/रातो
**चेचिस नम्बर:** MD2A13EY1KCA80599
**इन्जिन नम्बर:** DKYCKA90145
**सम्पर्क फोन नम्बर:** ९८४५५३५१३६

"सुनमा शुद्धता डिजाइनमा आधुनिकता"
आधुनिक सुन चाँदी पसल
हेटौंडा-२, पुरानो मकवानपुर रोड



हामीकहाँ आधुनिक डिजाइनका गर गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।
प्रो. राजु सेन्चुरी
सम्पर्क नं. :
९८४५५३०५६३, ९८१५२२४३४३

आवश्यकता

यस साझाकुरा राष्ट्रिय दैनिकका लागि निम्न अनुसार अनुभवी, सक्रिय र इमान्दार कर्मचारी आवश्यक भएकोले इच्छुक योग्यता पुगेका नेपाली नागरिकले निम्न ठेगानामा आवश्यक कागजातसहित सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

पद : मार्केटिङ्ग म्यानेजर
योग्यता : कक्षा १२ उत्तीर्ण
कामको समय : विहान ११:०० बजदेखि साँझ ७:०० बजेसम्म ।
अनुभव : कम्तिमा १ वर्ष पत्रपत्रिकाको मार्केटिङ्गसम्बन्धी ज्ञान ।
: मोटरसाइकल चलाउन जान्ने, लाइसेन्स भएको
तलब : आपसी समझदारीमा तय गरिने ।

साझाकुरा
www.sajhakuranews.com
हेटौंडा-१, साझाचोक, चौकीटोल
०५७-५२१११५, sajhakura@gmail.com

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना